नेपालमा भूमि अतिक्रमण र यसका असर

CSIC
आत्मनिर्भर केन्द्र

प्रकाशक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

धापासी, काठमाडौं

फोन : ४३५७००५

ईमेल : landrights@csrcnepal.org
www.csrcnepal.org

डिजाइन

बिक्रम चन्द्र मजुमदार
bmajumdar33@gmail.com

नेपालमा
भूमि अतिक्रमण र यसका असर

कृतज्ञता

मानव जीवनको लागि नभई नहुने भूमिस्रोत पछिल्लो समयमा अतिक्रमणको चपेटामा पर्दै गएको छ। यसबाट विशेषतः साना किसानहरू बेदखल भइरहेका छन्। भूमि अतिक्रमण अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा बहस, छलफल र विवादको विषय बन्न पुगेको छ। यही क्रममा नेपालमा बढ्दै गएको भूमि अतिक्रमण र यसका असरका विषयमा सुसूचित गर्ने उद्देश्यले सामुदायिक आत्मनिर्भर केन्द्रले केही जिल्लाहरूमा यस सम्बन्धी अध्ययन गरेको छ।

यो अध्ययन सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) ले अक्सफामको सहयोगमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालसँग मिलेर गरेको हो। यो प्रतिवेदन तयार पार्नका लागि आफ्नो मूल्यवान समय र सूचना दिएर सहयोग गर्नुहुने समुदायका सदस्यहरू, भूमि अधिकारकर्मी, सहजकर्ता साथीहरू, आत्मनिर्भर केन्द्रका साथीहरू सबैमा धन्यवाद दिन चाहन्छु। निरन्तर उत्प्रेरणा तथा प्राविधिक र आर्थिक सहयोगका लागि रणनीतिक साझेदारहरूलाई विशेष धन्यवाद पछि दिन चाहन्छु।

यस्तै, अध्ययनका क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोमा विभिन्न जिल्लाका स्थानीय निकायहरू, भूमि सुधार तथा ब्यवस्था मन्त्रालय र विभागहरू, राजनीतिक पार्टीका स्थानीय नेता, सञ्चारकर्मीलाई धन्यवाद दिन चाहन्छु। साथै, यसमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई पनि म कृतज्ञता ज्ञापन गर्दछु।

अध्ययन टोलीका टिमलिडर सुरेश ढकाल, यसका लागि सहयोग पुऱ्याउने सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजा र रिसर्च एसोशियट उपासना रेग्मीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। अंग्रेजीमा लेखिएको प्रतिवेदनलाई नेपालीमा छाप्न योग्य बनाउन सहयोग गर्नुहुने रघुनाथ लामिछाने, विश्वास नेपाली र बिक्रम चन्द्र मजुमदारलाई धन्यवाद दिन चाहन्छु।

कुनै पनि अध्ययनको सीमा हुने भएकाले यो प्रतिवेदनले भूमि अतिक्रमणको सम्पूर्ण पक्षलाई समेट्न सकेको छैन। यसको मूल उद्देश्य नेपालमा भइरहेको भूमि अतिक्रमणको अवस्थालाई बहसमा ल्याउनु हो। यसबाट निस्केका सवालमा आत्मनिर्भर केन्द्रले थप अध्ययन गरिरहेको जानकारी गराउँछु। भूमि सुधार सम्बन्धी रुचि राख्नेहरू सबैको सहज पहुँच हुने छ भन्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन प्रकाशन गरेका हौँ। यसमा चासो राख्ने विद्वान्, विज्ञ, पाठक सबैबाट रचनात्मक प्रतिक्रिया, सुझाव र सल्लाहको आशा गर्दछु।

जगत बस्नेत
कार्यकारी निर्देशक

विषय सूची

अध्याय १

अध्ययनको उद्देश्य र प्रक्रिया ७

१.१ परिचय ७

१.२ अध्ययनको उद्देश्य ८

१.३ अध्ययन विधि ८

१.३.१ प्रारम्भिक कार्यशाला ८

१.३.२ सन्दर्भ सामग्री समीक्षा तथा अध्ययन ८

१.३.३ परिवेश विश्लेषण ९

१.३.४ घटना अध्ययन ९

१.३.५ मुख्य सूचना प्रदायकसँग अन्तर्वार्ता ९

१.३.६ लक्षित समूह छलफल ९

१.३.७ स्थलगत अवलोकन ९

१.४ तथ्याङ्क विश्लेषणको प्रक्रिया ९

१.५ अध्ययनको दायरा र सीमा १०

१.६ अध्ययन प्रतिवेदनको संरचना १०

अध्याय २

भूमि अतिक्रमण : सन्दर्भ अध्ययन र समीक्षा ११

२.१ भूमि अतिक्रमणको प्रभाव १३

२.२ भूमि अतिक्रमणको लैङ्गिक प्रभाव १४

विषय सूची

अध्याय ३

भूमि अतिक्रमणको परिभाषा १६

अध्याय ४

नेपालमा भूमि अतिक्रमण : ढाँचा र प्रवृत्ति १८

४.१ राज्यले गरेको भूमि अतिक्रमण १९

४.२ विकासका नाममा हुने भूमि अतिक्रमण २०

४.३ संस्थागत भूमि अतिक्रमण २२

४.४ सुरक्षा बलद्वारा गरिएका भूमि अतिक्रमण २४

४.५ जातीय सङ्गठनले गरेका भूमि अतिक्रमण २४

४.६ विभिन्न ट्रस्ट र प्रतिष्ठानका नाममा रहेका जमिन २५

४.७ शैक्षिक संस्थाले ओगटेको जमिन २६

४.८ सामुदायिक वन र कबुलियति वन परियोजना २७

४.९ सामाजिक र धार्मिक संस्थाका नाममा हुने भूमि अतिक्रमण २८

४.१० निजी क्षेत्रले गर्ने भूमि अतिक्रमण २९

४.११ उद्योगले गरेको भूमि अतिक्रमण २९

४.१२ अन्य प्रकारका भूमि अतिक्रमण ३०

४.१३ भूमि अतिक्रमण, विभिन्न प्रकार, प्रत्यक्ष उदाहरण ३०

४.१४ भूमि अतिक्रमणका प्रभाव ३३

अध्याय ५

अध्ययनको सार र सुझाव ३५

५.१ सुझाव ३६

५.२ सम्बन्ध विस्तार र संयुक्त अभियान : आगामी अभ्यासका लागि रणनीति ३८

अध्याय १

अध्ययनको उद्देश्य र प्रक्रिया

१.१ परिचय

'भूमि' सबैको अधिक चासोको विषय बन्दै गएको छ। पछिल्लो समयमा भूमि अतिक्रमण हुने क्रम बढ्दो छ। यसबाट किसानहरू बेदखल भई अधिकारबिहीन भइरहेका छन्। यो विषय अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समेत बहस, छलफल र विवादको विषय बन्न पुगेको छ।

यस विषयमा अक्सफामले सन् २००९ मा गरेको अध्ययनले भूमि अतिक्रमण सन् २००८ बाट व्यापकरूपले बढेको जनाइएको छ। यसमा विभिन्न निकाय सक्रिय देखिएका छन्। टि.एन.आई. द्वारा सन् २०१३ मा गरिएको एक अध्ययनले ठूला परिमाणमा हुने भू-सम्झौताले खाद्य सुरक्षा र इन्धन अभाव पूर्तिमा योगदान पुऱ्याएको उल्लेख गरेको छ। तर अक्सफामले सन् २००९ मा गरेको अर्को अध्ययनले ठूला परिमाणमा हुने भूमि अतिक्रमणले कृषिमा लगानी बढाउन र यी लगानीको उच्च आवश्यकता भएका ग्रामीण क्षेत्रमा सकारात्मक प्रभाव देखिए पनि यस्ता ठूला लगानीले ग्रामीण विकास, खाद्य सुरक्षा र स्थानीयको जीवनस्तरमा भने गहिरो नकारात्मक प्रभाव पार्ने देखाएको छ।

फियान २०१० का अनुसार साधारणतया भूमि अतिक्रमणलाई क्षेत्र विस्तार र शक्ति सुरक्षाका लागि पक्षपाती र बलजफ्ती तरिकाबाट ठूलो परिमाणमा जमिन कब्जा गर्ने, इन्धन पर्याप्तता सुनिश्चित गर्ने, खनिज र औद्योगिकीकरण जस्ता गैरकृषि उद्देश्यका निम्ति खेतीयोग्य जमिनको बहुउद्देश्यीय व्यावसायिक भूमि कारोवार गर्ने जस्ता भूमिमाथिको व्यावसायिक दबाबसँग जोडेर बुझ्ने गरिन्छ। भूमि अतिक्रमणको कुनै निश्चित परिभाषा छैन। खासगरी भूमि अतिक्रमणलाई प्रत्यक्षरूपमा विश्वका विभिन्न भागमा वास्तविकता र स्थानीय सांस्कृतिक सापेक्षताहरूलाई बेवास्ता गर्ने आर्थिक एजेन्डा मानिएको छ। यद्यपि, अहिले र भविष्यमा भूमि तथा जलमाथिको अधिकारको सामर्थ्यता नै

मुख्य भएकाले टिएनआइद्वारा सन् २०१३ मा तयार प्रतिवेदनले समान महत्वका साथ भूमि अतिक्रमण जन्मसिद्ध राजनीतिक हो भनेको छ। यसकारण 'भूमि अतिक्रमण' लाई यसको सामर्थ्यता, सान्दर्भिकता र नाफाको दृष्टिकोणबाट केलाउन जरुरी छ।

नेपालको सन्दर्भमा भू-स्वामित्व राजनीतिक शक्ति, सामाजिक तथा आर्थिक प्रतिष्ठा, सांस्कृतिक परिचय र आर्थिक समृद्धिको सूचकका रूपमा स्थापित छ। यसलाई ऐतिहासिक र सांस्कृतिक पक्षबाट केलाउँदै यहाँको सांस्कृतिक, ऐतिहासिक र राजनीतिक अवस्थाअनुसार पुनः परिभाषित गर्न आवश्यक देखिन्छ।

यी विषयमा नेपालमा कमैमात्र अध्ययन भएका छन्। यस्ता विषयमा सवाल उठाउन र प्रभाव हेर्न अध्ययन बढाउनुपर्ने हुन्छ। यसबाट नै भूमि अतिक्रमणलगायत विषयमा बहस उठाउन मद्दत पुग्छ। यो अध्ययनले यसै विषयमा यसको सांस्कृतिक, ऐतिहासिक, राजनीतिक र आर्थिक पक्षबाट भएका भूमि अतिक्रमणका विविध प्रकार तथा ढाँचा, तिनका कारण र परिणामको विश्लेषण गर्ने प्रयास गरेको छ।

१.२ अध्ययनको उद्देश्य

- भूमि अतिक्रमणसम्बन्धी उपलब्ध र छनौटमा परेका केही सन्दर्भ सामग्रीको समीक्षात्मक अध्ययन गर्नु।
- छनौट गरिएका अध्ययन क्षेत्रमा आधारित भई भूमि अतिक्रमणका प्रकार, प्रकृति तथा त्यसको स्वरूप निर्क्योल गर्न सूचना तथा घटना सङ्कलन गर्नु।
- तथ्यहरूको कमी पहिल्याई प्राप्त सूचनाका आधारमा भूमि अतिक्रमणको नकारात्मक असरलाई कम गर्न विभिन्न सरोकारवालाको सम्भाव्य भूमिका पहिल्याई व्यावहारिक सुझाव उपलब्ध गराउनु।

१.३ अध्ययन विधि

यो एक अनुसन्धानात्मक अध्ययन हो। अध्ययनलाई व्यापक र सरल बनाउन विभिन्न विधि अपनाइयो। अध्ययनका क्रममा प्रयोगमा ल्याइएका मुख्य तथ्याङ्क सङ्कलनका तौरतरिका निम्न छन् :

१.३.१ प्रारम्भिक कार्यशाला

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका विभिन्न साझेदार संस्थाका सदस्य, सरकारी कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधि र यस क्षेत्रका विज्ञहरूको सहभागितामा अध्ययनको प्रारम्भिक कार्यशाला आयोजना गरियो। कार्यशालामा भूमि अतिक्रमणको प्रारम्भिक परिभाषा, अध्ययनको कार्य क्षेत्र, अध्ययनमा हुने विषय क्षेत्र आदि प्रस्तुत गरी सरोकारवालाबाट सुझाव लिइयो। कार्यशाला काठमाडौँमा आयोजना गरिएको थियो।

१.३.२ सन्दर्भ सामग्री समीक्षा तथा अध्ययन

यस अध्ययनको प्रारम्भिक चरणमा नेपाललगायत विश्वभरका केही भूमि अतिक्रमण र त्यसबारेको अध्ययन प्रतिवेदन सङ्कलन गरी समीक्षा तथा अध्ययन गरियो। यस्ता प्रतिवेदनको अध्ययनले विश्वव्यापीरूपमा हुने भूमि अतिक्रमणका ढाँचा तथा प्रकार र यसले पार्ने प्रभावबारे जानकारी प्राप्त भयो। यसले व्यापकरूपमा भइरहेको भूमि अतिक्रमण र सम्भाव्य भूमि अतिक्रमणबीचको भिन्नता पहिचान गर्न मद्दत गऱ्यो।

नेपालमा यससम्बन्धी धेरै अध्ययन भएका पाइएन। यसो हुँदा यससम्बन्धी कानुनी कागजपत्र, नीतिगत योजना, सरकारी प्रतिवेदन तथा विभिन्न समाचारपत्रमा छापिएका सामग्री अध्ययन गरियो।

अध्ययनको द्वितीय नतिजास्वरूप यस अवधिमा समीक्षा तथा अध्ययनमा उपयोगमा ल्याइएका सामग्रीलाई सन्दर्भ सूचीका रूपमा समावेश गरिएको छ।

१.३.३ परिवेश विश्लेषण

अध्ययनका लागि नेपालको पश्चिम क्षेत्रका ३ वटा गाविस छनौट गरियो। यी अध्ययन क्षेत्रहरूमा सुर्खेतको सहारे, दैलेखको पादुका र डडेलधुराको जोगबुढा गाविस छनोट भएका थिए। अध्ययनको सिलसिलामा अध्ययन क्षेत्रमा सामावेशीरूपमा परिवेश विश्लेषण गरियो। परिवेश विश्लेषण प्रक्रियालाई महिलाको भूमिमाथिको अधिकार र सामुदायिक भूमि सुधारका सम्भावनाको अध्ययनका लागि प्राप्त प्रारम्भिक जानकारीसँग जोड्दै लगियो। यसले स्थानीय तहका संस्था तथा धनी वर्गहरूद्वारा गरिएका भूमि अतिक्रमणका प्रयास एवम् घटना छुट्याउन मद्दत गरेको थियो।

१.३.४ घटना अध्ययन

अध्ययनका क्रममा देशका विभिन्न स्थानमा भइरहेका भूमि अतिक्रमणका ढाँचा, प्रक्रिया र यसले पारेको प्रभावबारे सान्दर्भिक घटनाहरू अध्ययन गरियो। यी घटना अध्ययन छनोट गरिएका गाविसमा गर्न लागिएको विषयवस्तुलाई सहयोगसिद्ध हुने उद्देश्यले तयार गरिएको थियो।

खासगरी यसमा प्रारम्भिक स्रोतबाट लिइएका घटना अध्ययनलाई सान्दर्भिक बनाउन विभिन्न पत्रपत्रिका जस्ता द्वितीय स्रोतहरू प्रयोग गरिएको थियो।

१.३.५ मुख्य सूचना प्रदायकसँग अन्तर्वार्ता

अध्ययन क्षेत्रका गाविसका अगुवा (जान्ने/बुझ्ने) व्यक्तिहरूसँग विषयसँग सम्बन्धित जानकारी सङ्कलनका लागि अन्तर्वार्ता लिइयो। यी अन्तर्वार्ताबाट प्राप्त जानकारी तथा सूचना अध्ययन अवधिभर तथ्याङ्क सङ्कलनका लागि सहयोगी साधन बन्यो। अन्तर्वार्ताका लागि छनोट गरी लिइएका सूचना प्रदायकहरू स्थानीयसँग अनौपचारिक कुराकानी, अवलोकन र घुमफिरबाट पहिचान गरिएको थियो। उनीहरू विशेषगरी गुठीका महन्त, मोही किसान, स्थानीय विद्यालयका शिक्षक, स्थानीय विकासे कार्यकर्ता, राजनीतिक दलका नेता तथा कार्यकर्ता, समाजसेवी, जनप्रतिनिधि तथा भूमि अधिकार कार्यकर्ता थिए।

१.३.६ लक्षित समूह छलफल

लक्षित समूह छलफल प्रारम्भिक सूचना लिन र अन्य स्रोतबाट प्राप्त सूचना पुष्टि गर्न अपनाइएको एक विधि हो। हरेक समूहमा जातिगत, लैङ्गिक पक्षलाई ध्यान दिई छलफल गरिएको थियो। धेरैजसो यस्ता समूह छलफल भूमि अतिक्रमणले प्रभावित मोहीको खाद्य सुरक्षामा पर्ने असर, महिलाको भूमि अधिकार र मोही हक सुरक्षा जस्ता विषयमा गरिएको थियो।

१.३.७ स्थलगत अवलोकन

स्थलगत अवलोकनका क्रममा सोधकर्ता छनोट गरिएका अध्ययन क्षेत्रमा अतिक्रमित जमिनको भू–बनौट, भू-उपयोग र उत्पादनशीलताबारे जानकारी लिइयो। यस प्रक्रियाद्वारा स्थानीयस्तरमा भइरहेको भूमि अतिक्रमणको ढाँचा र यस्तो कार्यमा संलग्नहरूको आचरणबारे जानकारी लिइयो। भूमि अतिक्रमणलाई नेपालको सन्दर्भमा परिभाषित गरी त्यसबारे प्रारम्भिक जानकारी प्राप्त गर्न यी विधि अपनाइएको थियो।

१.४ तथ्याङ्क विश्लेषणको प्रक्रिया

माथि उल्लेख गरिएजस्तै यो अध्ययन प्रतिवेदन गुणात्मक सूचनाका आधारमा तयार गरिएको छ। प्रारम्भिक तथा द्वितीय स्रोतबाट लिइएका सूचना व्याख्यात्मकरूपमा प्रस्तुत गरिएको छ। यसले भरपर्दो प्रमाणहरूद्वारा भूमि अतिक्रमणका विभिन्न ढाँचाबारे जानकारी प्रदान गरेको छ। यो प्रतिवेदनमा भूमि अतिक्रमणको प्रक्रियालाई नीतिगत तहमा राज्य पद्धतिसँग जोड्नका लागि विभिन्न घटना अध्ययन संश्लेषण गरिएका छन्। यी घटना अध्ययन प्रकृतिअनुसार भिन्नाभिन्नै वर्गमा विभाजित गरी प्रस्तुत गरिएको छ। राष्ट्रियस्तरका तथ्याङ्क स्रोतका प्रतिवेदनबाट लिइएका जानकारी पनि यस अध्ययनमा समावेश छ।

प्रतिवेदनको अन्तिम भागमा सबै घटना अध्ययन तालिकामा सङ्क्षिप्तरूपमा प्रस्तुत छ। अध्ययनबाट आएका निष्कर्ष तथा छलफलका आधारमा विभिन्न सरोकारवालाका लागि केही सुझाव पनि समावेश छ।

१.५ अध्ययनको दायरा र सीमा

यस अध्ययनले 'भूमि' र 'कृषि' लाई केन्द्रमा राखेर विषयसँग जोडिएका सूचना सङ्कलन गरी यसले समुदायमा पार्ने प्रभाव विश्लेषण गरेको छ। यसमा देशभरका विभिन्न स्थानमा भएका यस्ताखाले घटना सङ्कलन र समावेश छ। यी घटना पूर्ण विधिगत पद्धतिबाट सङ्कलन गरिएको होइन त्यसैले यसैलाई देशभरका लागि सामान्यीकरण गर्न भने मिल्दैन। अरू अध्ययन जस्तै यस अध्ययनको पनि केही दायरा र सीमा छन्।

अध्ययन कार्यको समय छोटो थियो। तर छनौटमा परेका गाविस तुलनात्मकरूपमा ठूलो भएकाले योजना गरिएभन्दा दोब्बर जनशक्ति परिचालन गर्दा पनि तोकिएको समयभन्दा बढी लाग्यो। यसले सूचना सङ्कलन अवधि लामो हुन गयो।

सन्दर्भ सामग्री निकै कम पाइए। यसो हुँदा यस अध्ययनले अगाडि ल्याएका तथ्यलाई अन्य अध्ययनसँग पर्याप्त तुलना गरेर हेर्न सकिएन।

अध्ययन समयमा भएको छलफलमा उल्लेख्य मानिस सहभागी भए पनि केही परिवार छुटेका छन्। यस अध्ययनअन्तर्गत लिइएका दुईखाले सूचनामध्ये सङ्क्षिप्त सूचना छलफलमा सहभागीबाट लिइएकाले यसलाई बढी विश्वसनीय मानिएको छ। यद्यपि केही विवरण छुटेको वा अपर्याप्त भने हुन सक्छ।

१.६ अध्ययन प्रतिवेदनको संरचना

यो प्रतिवेदन पाँच अध्यायमा विभाजित छ। यसका थुप्रै उपपरिच्छेद पनि छन्। पहिलो अध्यायमा अध्ययनको परिचय, पृष्ठभूमि, उद्देश्य, अध्ययनमा अपनाइएका विधि र सीमा समेटिएका छन्। दोस्रो अध्यायमा नेपालको सन्दर्भमा भूमि अतिक्रमणको परिभाषा खोज्ने प्रयास गरिएको छ। तेस्रो अध्यायमा पूर्वप्रतिवेदन अध्ययन र समीक्षाका विषयमा छलफल गरिएको छ। त्यस्तै, चौथो अध्यायमा देशमा व्याप्त भूमि अतिक्रमणका ढाँचा तथा प्रक्रिया र विभिन्न स्थानबाट सङ्कलित घटना अध्ययन छ। अन्तिम अर्थात् पाँचौं अध्यायमा अध्ययनको सार, सुझाव र रणनीति समावेश छ। अन्य सूचना अनुसूचीमा छन्।

अध्याय २

भूमि अतिक्रमण : सन्दर्भ अध्ययन र समीक्षा

यस अध्यायमा भूमि अतिक्रमणसम्बन्धी विभिन्न सामग्री तथा यससँग सम्बन्धित उपलब्ध प्रतिवेदनहरूको समीक्षा प्रस्तुत छ। नेपालमा भूमि अतिक्रमणबारे कुनै सान्दर्भिक अध्ययन नभएकाले धेरै सामग्री अन्तर्राष्ट्रिय छन्। भूमि अतिक्रमणसम्बन्धी सामान्य आङ्कलनका साथै यस परिच्छेदमा भूमि कब्जा एवम् अतिक्रमणको असर, भूमिलगायतका प्राकृतिक स्रोतमा महिलाको पहुँच र नियन्त्रणको अवस्था केलाइएको छ।

उपलब्ध सन्दर्भ सामग्रीहरू ठूलो स्केलमा भूमि कब्जा र यसमा पनि बहुराष्ट्रिय कम्पनीहरूले जैविक इन्धन, खनिज आपूर्ति, औद्योगिक क्षेत्रको स्थापना र लगानी गर्ने मुलुकमा बढ्दो जनसङ्ख्याका लागि खाद्य सुरक्षा गर्ने उद्देश्यले गरिएका उदाहरण बढी भेटिए।

ठूला भूमि कब्जाको सन्दर्भमा राज्य र कम्पनीले जगगा लिने क्रममा गरिने सौदावाजीमा स्थानीय बासिन्दालाई भौतिक संरचनाको विकास, प्रविधि तथा क्षमता वृद्धिमा लगानी र रोजगारी दिने जस्ता प्रलोभन देखाइन्छ। तर यी सौदावाजीका भित्री नियत भने अर्कै हुन्छ। खाद्य र इन्धन असुरक्षा खेपिरहेका स्थानबाट मूल्यवान स्रोतहरू बाहिर पठाई त्यहाँको स्थिति अझ कमजोर बनाउने गर्छन्। स्थानीय समुदायसँग उचित परामर्श नगरी उनीहरू पुस्तौँदेखि जीविकोपार्जनका निम्ति निर्भर हुँदै आइरहेको स्रोतहरू यथोचित क्षतिपूर्तिबिना नै हडपिएको छ भने यस प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ। (पिएएलजिइए, २०११)

तसर्थ विकासका नाममा सामान्य लगानीकर्ता भूमि अतिक्रमण जस्तो अन्यायी काममा संलग्न हुनुका साथै विश्वव्यापी खाद्य, इन्धन असुरक्षा र मौसम परिवर्तनको कारकलाई अझ प्रोत्साहन गरिरहेका छन्।

भूमि अतिक्रमणलाई सामाजिक मान्यता र विकासमूलक धारणाका दृष्टिकोणबाट हेर्न सकिँदैन। यस प्रक्रियामा स्थानीय बासिन्दा विस्थापित हुने र विस्थापन नभए पनि उनीहरूलाई 'भूमि' माथिको अधिकारबाट भने वञ्चित गराइन्छ। जीविकोपार्जनमा नकारात्मक असर पुऱ्याउँछ। जैविक चक्रको विध्वंसको वेग बढाउँछ। कृषिसम्बन्धी नीतिमा किसानलाई राजनीतिक स्थान दिइँदैन। स्थानीय र राष्ट्रिय बजारका लागि दिगो साना कृषि उत्पादनबाट विकेन्द्रित गरी कृषि उद्योगको बढ्दो चाप र विश्व व्यापारतिर चाख बढाउने काम गर्छ। (ग्रेन, २०१०)

यस्तो परिप्रेक्ष्यमा भूमि अतिक्रमणलाई सामान्यतया राजनीतिक अर्थतन्त्रको आँखाबाट हेर्दा पनि पछिल्ला समयमा भूमिमाथि नियन्त्रित अतिक्रमण भएको दाबी गरिन्छ। भूमिलगायत अन्य स्रोत, जस्तै- पानी, खनिज, वन आदिको उपयोगबाट फाइदा लिनका लागि यी स्रोतमाथि नियन्त्रण गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ। त्यसैले यो प्रक्रियालाई 'जन्मजात राजनीतिक' भनिएको हो। यही प्रतिवेदनले भूमि अतिक्रमणलाई स्थानीय समुदायमा व्याप्त भूमि व्यवस्थापनको विद्यमान आसय, उपयोग र पद्धति मिच्ने बहुराष्ट्रिय पुँजी र तिनको नाफामुखी उद्देश्यका सन्दर्भमा हेरेको छ।

फियान, २०१० का अनुसार केही भाग जमिन नियन्त्रण वा कब्जा गरी व्यावसायिक र औद्योगिक कृषि उत्पादनका लागि हदबन्दीको तुलनामा असमानुपातिक भू-उपयोग गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ। बङ्गलादेशका रहमानका अनुसार भूमि अतिक्रमणले जमिन किन्ने वा ठेक्कामा दिई केही जनसङ्ख्यामा सीमित जमिनको एकाग्रता बढाउने र अधिकांशलाई अझ गरिबीको दिशातर्फ धकेल्ने जस्तो उदासिन प्रवृत्ति निम्त्याउन सक्छ।

अन्तर्राष्ट्रिय भूमि सञ्जाल (आइएलसी) ले जग्गा किनबेच वा ठेक्कापट्टा गर्ने व्यक्ति, सरकार र उद्योगहरूको दुष्परिणामयुक्त क्रियाकलापलाई भूमि अतिक्रमण भनेको छ। यसले निम्नानुसार जमिन अधिनत्वका प्रकृतिलाई भूमि अतिक्रमणभित्र राखेको छ :

- मानव अधिकार, विशेषगरी महिला अधिकारको उल्लङ्घन
- भू-उपयोगकर्ताहरूलाई पर्याप्त पूर्वसूचना, स्वतन्त्र सम्मति जस्तो सिद्धान्तको अनादर र अपमान
- समाज, अर्थतन्त्र, लैङ्गिक सम्बन्ध तथा वातावरणमा पर्ने नकारात्मक प्रभावको बेवास्ता
- पारदर्शी सहमतिको कमी
- भूमिसम्बन्धी सम्झौताका क्रममा समझदारी प्रक्रियामा भू-उपयोगकर्ताहरूको अर्थपूर्ण सहभागिता, प्रजातान्त्रिक योजना र स्वतन्त्र निरीक्षणको बेवास्ता

भूमि अतिक्रमण एउटा यस्तो सवाल हो जसको राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रका विभिन्न पक्षमा प्रभाव पारिरहेको हुन्छ। अक्सफामद्वारा प्रकाशित 'ल्यान्ड ग्रयाब : अ ग्रोइङ स्क्यान्डल' मा जमिन खरिद वा ठेक्कापश्चात समुदायका विस्थापित भूमिहीनमा पर्ने निम्न प्रभाव उल्लेख छ :

- भूमिहीनहरूको अधिकार गुम्नु वा अन्योलमा हुनु
- हिंसापूर्ण उठिबास हुनु
- घर, जग्गा, बाली आदि जायजेथाको क्षति हुनु
- जीविकोपार्जनका अवसरहरूमा हानि- पोषणयुक्त खानाको अभाव, स्कुल छाड्ने क्रममा वृद्धि।
- समुदायको खण्डीकरणबाट छिमेकी समुदाय र संयन्त्रमा असर पुग्नु।

यसैगरी किसानहरू आफ्नै जमिनबाट टाढिन बाध्य हुन्छन्, क्षतिपूर्ति पनि न्यायसम्मत वितरण हुँदैन। धेरैजसो अवस्थामा क्षतिपूर्तिको वाचा तोडिन्छन् वा व्यवस्था नै हुन्न। सहमतिपत्र पारित भइसकेपछि पनि भविष्यमा भूमि सम्झौता त्यसैअनुरूप लागु हुनेगरी अघि बढ्छ भन्ने निश्चित हुँदैन।

तसर्थ, भूमि अतिक्रमणलाई यसले पार्ने प्रभावका आधारमा बुझ्न आवश्यक छ। भूमि अतिक्रमण प्रभावित घरपरिवारको मोहियानी हक, खाद्य सुरक्षा तथा समुदायको वातावरण र स्रोतमाथिको पहुँचमा पार्ने असरका कारण तीव्ररूपमा आलोचित भइरहेको छ।

२.१ भूमि अतिक्रमणको प्रभाव

आफ्नो मुलुकको खाद्य सुरक्षा तथा जैविक इन्धन आपूर्ति, वृक्षारोपणलगायत अन्य विभिन्न अभिप्रायका साथ गरिब मुलुकमा ठूलो परिमाणमा खेतीयोग्य भूमि स्वामित्वको बढ्दो प्रवृत्तिले स्थानीयबासीको भूमि अधिकार, प्राकृतिक स्रोतमाथिको पहुँच र ह्रास, बढ्दो खाद्य असुरक्षा जस्ता प्रभावबारे चर्को विवाद सिर्जना गरिरहेको छ। (कोटुला/भेर्म्युलेन, २००९, कोटुला आदि २००९, ड्यानियल/मित्तल २००९, हरलमबस आदि २००९, कुगलम्यान/लिभन्स्टिन २००९, स्मलर/म्यान २००९, टेलर/बेन्डिङ २००९, ग्रेन २०१०, म्यान्/स्मलर २०१०)

धेरैजसो भूमि अतिक्रमणका विषयमा हुने विवाद/तर्कहरू अधिक लगानीबाट नाफा वृद्धि, कुल गार्हस्थ्य उत्पादनको सुदृढीकरण, सरकारी राजस्व कम वृद्धि, ग्रामीण क्षेत्रको आर्थिक विकास र जीवनस्तर सुधार जस्ता बृहत् लाभ प्राप्त हुन्छ भन्ने धारणाका आधारमा हुने गर्छन्। त्यसैले उचित व्यवस्थापनबाट गरिएको लगानीबाट चाहेअनुसारको परिवर्तन सम्भव छ। (डि स्कटर, २०११)

तर सरकार र बजारले सम्भावित लगानीकर्तालाई जमिन उपलब्ध गराइरहेका बेला ठूला र सामन्ती भूमि अधिनत्वको परिणामस्वरूप स्थानीयबासीहरू खाद्य सुरक्षाका लागि निर्भर हुँदै आइरहेका स्रोतमाथि उनीहरूको पहुँच छैन (कोटुला आदि २००९)। अर्कोतर्फ 'उचित व्यवस्थापनद्वारा गरिएको लगानीबाट चाहेअनुसारको परिवर्तन सम्भव छ' भन्ने अड्कलले गरिबी निवारणमा स्थानीय समुदायको भूमि तथा जलमाथि पहुँच बढाएर भन्दा गरिबी निवारणमा खासै प्रभावकारी नहुने खेती प्रणालीका लागि कृषिजन्य बाँझो जमिन बिक्री वितरण गर्दाको अवसर लागत खर्चको बेवास्ता गरेको छ। (डि स्कटर, २०११)

भू-उपयोग सुरक्षासम्बन्धी सुधारका नाममा भूमिको व्यावसायीकरण र स्थानीय खाद्य सुरक्षाका लागि कृषिप्रधान देशहरूको अन्तर्राष्ट्रिय बजारप्रतिको निर्भरताबाट हुने खतरातर्फ ध्यानाकर्षण जरुरी छ।

विश्वका समस्त ग्रामीण क्षेत्रका गरिब किसानहरू अझ पनि निर्भर भइरहेको साना पारिवारिक कृषि उद्यमहरूलाई यी ठूला सामन्ती भूमि अधिनत्व, निकासी कृषि र खाद्यको नभई व्यावसायिक घरेलु उत्पादनले भर्त्सना गरिरहेका छन् (डि स्कटर, २०११)। भौतिक र आर्थिक माध्यमबाट भूमि अतिक्रमण वास्तवमा साना किसान र ग्रामीण किसानहरूविरुद्ध हुने हिंसामूलक घटना शृङ्खलाको अन्तिम खुड्किलो भएको जनाइएको छ। (टियो बाल्भ, एनडी)

अदिवासी समुदायमा भूमि अतिक्रमणको प्रभाव अझ बढी गम्भीर हुँदै गएको छ। भारतस्थित केरेलाको एक घटना अध्ययनअनुसार विभिन्न ठाउँबाट बसाइसराइँ आएका राजनीतिक र आर्थिक पक्षमा शक्तिशाली बासिन्दाले केरेलाको आदिवासी क्षेत्रको जनसाङ्ख्यिक ढाँचा परिवर्तन

गर्नुका साथै आफ्नो सामाजिक र आर्थिक स्थिति संरक्षण गरिसकेका छन् । परिणामस्वरूप त्यहाँका स्थानीय आदिबासी केरेलाकै सामाजिक रूपरेखाबाट बाहिरिएका छन् । उनीहरूको अस्तित्व नै हराएर गइसकेको अवस्था छ । सन् १९९० को एस.सी र एस.टी को एक प्रतिवेदनमा उल्लेख गरिएअनुसार करिव ४० प्रतिशत आदिवासी आफ्नो स्थानबाट विस्थापित भइसकेका छन् । (विश्वनाथ, १९९७)

अफ्रिकन मुलुकमा पनि यस्तै किसिमको अवस्था धेरै अघिदेखि नै छ । त्यहाँ कृषकहरू जगेडा गरेर राख्ने गरिन्छ र आवश्यकता परेका बेला परिचालन गरिन्छ (रोज, २००२:१८८) । कृषिजन्य जमिन सामूहिकरूपमा किसानको पहुँचमा भन्दा केही व्यक्तिको नियन्त्रणमा सीमित छ । मोही किसान गरिबी र अभावमा जीवन बिताउन बाध्य थिए । (ब्रुस ओपी. सिआइ टी.; किएटर १९८९; कसिनस १९९३; च्यान्जर १९८५, १९८८, १९९३; स्कुन्स एन्ड विल्सन)

ग्लोबल ल्यान्ड ग्रयाब, अ प्राइमर २०१२ ले भूमि अतिक्रमणलाई स्थानीय समुदायमा दृढ, भूमिको विद्यमान आशय, उपयोग र व्यवस्थापन पद्धतिलाई सामर्थ्यता सान्दर्भिक र मुनासिव नाफाको पक्षबाट केलाउन आग्रह गरेको छ । सामाजिक तथा आर्थिक संयन्त्रको विकास र नयाँ आर्थिक व्यवस्थापनमा रोजगारी जस्तो अवसर समेटी स्थानीयलाई फाइदा पुऱ्याउने दाबी गर्ने ठूला र सामन्ती भूमि अधिनत्वको प्रस्तावका बाबजुद भूमि अतिक्रमणको ग्रामीण गरिब समुदाय र जैविक चक्रमा पर्ने नकारात्मक असरहरू औल्याउने पर्याप्त आधार छन् ।

वैदेशिक भूमि अतिक्रमणले विशेषगरी हालको अवस्था र भविष्यमा पनि स्थानीयहरूको स्रोतमाथिको पहुँच तथा नियन्त्रणको बेवास्ता गरी स्थानीय रुचि र हितमा हानि पुऱ्याउन सक्छ । त्यसैगरी ठूला व्यावसायिक कृषि (जैविक इन्धन उत्पादन) औद्योगिक कृषि प्रणाली अपनाई खेती गर्ने हुँदा त्यहाँका जैविक विविधतामा पनि प्रभाव पर्ने देखिन्छ । उनीहरूका अनुसार भूमि अतिक्रमणले मुख्यरूपमा खाद्य सुरक्षालाई हस्तक्षेप गर्छ । यसले स्थानीय स्रोतको उचित र वैकल्पिक उपयोग गर्न सक्ने भूमिहीन समुदायबाट यी स्रोतमाथिको पहुँच र नियन्त्रण खोसेको छ ।

फिलिपिन्सका प्रत्येक १० मध्ये ७ ग्रामीण व्यक्तिको भूमिमा पहुँच छैन । यस्ता भूमिहीनता बढिरहेका मुलुकमा भूमि अतिक्रमण अझ बढी चुनौतीपूर्ण र संवेदनशील छ (इकामिया, २०१०) । प्रायः सबै सन्दर्भमा ठूला भूमि अधिनत्वले सो स्थानका बासिन्दाले खाद्य सुरक्षाका लागि निर्भर रहेका स्रोतमा आफ्नो नियन्त्रण र पहुँच गुमाएका छन् । यो भूमि अतिक्रमणको विश्वव्यापी प्रभाव हो । उदाहरणका लागि, स्किनडरले २०११ मा गरेको कम्बोडियन अध्ययनअनुसार भूमि अतिक्रमणले ग्रामीण गरिब समुदायमा कुनै फाइदा पुऱ्याएको छैन । यसले सर्वस्वहरणको प्रक्रियालाई अझ प्रवल बनाइरहेको देखाएको छ । अमेरिकाको सन्दर्भमा यो अझ सान्दर्भिक छ । म्याक्फ्रीले २००८ मा दिएको रिपोर्टमा पिन्योन क्यानयोन म्यानुभर साइटको तालिम क्षेत्र अहिलेभन्दा तीन गुणा अनुपातमा विस्तार गरिने कुरा अघि सारिएको थियो । यसरी उचित ढङ्गले व्याख्या नगरी भएका सरकारी निर्णयको यस्तो अत्याचारले दर्जनौं परिवार विस्थापित भएका छन् ।

म्याथिउ, इ र कोर्नल, यु (२००७). ले सरकारले निजी व्यावसायिक विकासकर्तासँग समन्वय गरी राज्यका नाममा भूमि कब्जा गर्ने र नाफा कमाउन त्यही जमिन फेरि विकासमूलक गतिविधिका लागि बेच्ने प्रवृत्तिले जनताको चासोलाई अपहेलना गरेको तर्क गरेका छन् । हालका (रियल स्टेट) नीतिअनुसार राज्यले ग्रामीण जमिन हत्याउनेबित्तिकै त्यस जमिनको मूल्य ह्वात्तै वृद्धि भई बजारिया वस्तु (कमोडिटी) मा परिणत हुन जान्छ (इरि, २००७) ।

कोटुलालगायतले यस्ता भूमि अधिनत्वका अप्रत्यक्ष प्रभावमाथि प्रकाश पारेका छन् । जस्तै- गैरआवासीय समुदायहरूको मौसमी स्रोतमाथि पहुँच नहुनु, जमिनको व्यापारिक महत्व बढ्दै जाँदा आयको नियन्त्रण महिलाबाट पुरुषमा सर्नु आदि । अतिक्रमण वा कब्जा गरिएको जमिनमात्र प्रभावित हुने होइन, देशका अन्य भाग/क्षेत्रमा पनि गम्भीर असर पुग्न सक्छ । स्थानीय बासिन्दाले आफू बसोबास गरिरहेको उपभोग्य र उत्पादनयोग्य जमिन छाडेपछि अन्यत्र जमिन खरिद गर्न लाग्दा जमिनको भाउ आकासिएकाले गरिब किसान सीमान्तकृत स्थानमा बसाइँ सर्न बाध्य छन् । यसरी विस्थापित स्थानीय बासिन्दालाई उनीहरूको जमिन कसले केका लागि कब्जा गरिएको भन्नेबारे कुनै परामर्श गरिएन न त पूर्ण जानकारी नै दिइयो । लगानीमा तीव्रता ल्याउनका लागि नीतिगतरूपमै भूमि अतिक्रमणलाई यसैगरी वैधता प्राप्त भइरह्यो भने यस्ता प्रभाव अझ बढेर जानेछन् । (बर्हेन, २०११)

२.२ भूमि अतिक्रमणको लैङ्गिक प्रभाव

महिला तथा पुरुषको सामाजिक भूमिका, अधिकार र उनीहरूले पाउने अवसरमा भिन्नता भएकाले र भूमिसम्बन्धी शासन प्रणाली र लगानीकर्तासँगका भूमि सम्झौताहरूले दुवैमा भिन्न प्रभाव पार्ने भएकाले भूमि अतिक्रमण वा अधिनत्वको प्रभाव बुझ्नका लागि लैङ्गिक दृष्टिकोणबाट पनि यसलाई नियाल्न आवश्यक छ ।

महिलाबाट भूमिको अधिनत्व छिन्ने भूमि सम्झौताहरूले पुरुषहरूलाई केही लाभ भए तापनि महिला र तिनका परिवारलाई जीविका र सामाजिक सुरक्षाका आधारभूत तत्वहरूसँगको पहुँचबाट पनि वञ्चित गरेको छ ।

इजुमीले उनको 'अफ्रिकामा लैङ्गिक विभेद र सम्पत्ति अतिक्रमण' सम्बन्धी अध्ययनमा केन्द्रित भएर सम्पत्ति अतिक्रमणलाई महिलाविरुद्धको लैङ्गिक हिंसाको सङ्ज्ञा दिएकी छन् । उनका अनुसार 'बलपूर्वक निष्काशनले शारीरिक र मानसिक शोषण जस्ता हिंसात्मक गतिविधि पनि निम्त्याउने गर्छ । सामान्यतया विधवा र तिनका बालबच्चाको सहयोग र हेरचाह गर्ने व्यावहारिक अभ्यास तथा सामाजिक सुरक्षा निकायहरू कमजोर भएकाले उनीहरू विशेष संवेदनशील छन् । सम्पत्ति जफतसँगै यस्ता किसिमका अपहेलना र शोषणका कारणले नै महिलामा आफ्नो अधिकारका लागि लड्ने आत्मविश्वासमा कमी आएको हो ।'

सन् २०१० को इकोनोमिक्स रिपोर्टका अनुसार भूमि अतिक्रमणसँग पानी, वन फँडानी, जैविक विविधता, जैविक इन्धनले निम्त्याउने जोखिम, भ्रष्टाचार, सामाजिक अधिकारको सुरक्षा र राजनीतिक अस्थिरतालगायत विभिन्न वातावरणीय, सामाजिक र सरकारी क्षेत्रमा जोखिम जोडिँदै आउने गर्छन् । यस्ता जोखिमको प्रभाव पुरुषभन्दा महिलामा अधिक पर्न जान्छ ।

केही वर्षयता भूमि अतिक्रमणलाई मानव अधिकारको दृष्टिकोणबाट हेर्न थालिएको छ । फियान, २००९ का प्रतिवेदनअनुसार भूमि अतिक्रमणले आर्थिक, सामाजिक र सांस्कृतिक अन्तर्राष्ट्रिय अभिसन्धि उल्लङ्घन गर्नुका साथै स्रोतको उचित र वैकल्पिक उपयोग गर्न सक्ने भूमिहीन समुदायहरूबाट जमिन खोस्नेसमेत गर्छ । केन्या र मोजाम्बिकका घटनाले देखाएअनुसार कृषि उत्पादन वृद्धि हुँदैमा स्थानीय समुदायको खाद्य अधिकार सुनिश्चित हुन्छ भन्ने छैन । खासमा नगदेबालीको एकल संस्कृतिको विस्तारीकरणले खाद्य उत्पादन स्रोत तथा श्रमलाई आफूतर्फ ध्यानाकर्षण गर्ने भएकाले स्थानीय खाद्य पर्याप्ततामा गम्भीर असर पुऱ्याउन सक्छ । परिणामस्वरूप समुदायहरू आधारभूत आवश्यकताका लागि बजार तथा बाहिरी व्यावसायिक सञ्जालहरूमा निर्भर हुनुपरेको छ । यसले उनीहरूलाई खाद्यान्नको महँगी खेप्न बाध्य बनाएको छ ।

आधारभूत मानव अधिकार सिद्धान्त (२०११) लाई उल्लेख गर्दै स्कटरले उल्लेख गरेअनुसार भूमि अधिकारमा कुनै परिवर्तन नभई र करार खेती जस्ता अन्य व्यावसायिक नमुनाहरूको प्राथमिकीकरणबिना ठूला परिमाणका भू–स्वामित्वले कृषिको ध्वंशबाहेक केही पनि हुन सक्दैन ।

समग्रमा भन्नुपर्दा, नेपालको सन्दर्भमा भूमि अतिक्रमणका विषयमा पर्याप्त अध्ययन भएका छैनन् । केही पत्रपत्रिकामा छापिएका लेखबाहेक भूमि अतिक्रमणबारे कुनै अध्ययन सामग्री फेला पार्न सकिएन । केही प्रतिवेदनमा भूमि अतिक्रमणका सवाल समावेश गरिए पनि सामान्य विवरण मात्र लेखिएको छ । यद्यपि यी अध्ययन सामग्रीले दिइएको सन्दर्भमा भूमि अतिक्रमणसम्बन्धी अवधारणा र दृष्टिकोणबारे प्रकाश पारेका छन् । विभिन्न क्षेत्रबाट सङ्कलन गरिएका सान्दर्भिक अध्ययनले भूमि अतिक्रमण विवादित र गम्भीर विषय भएकाले यसलाई परिभाषित गर्न सर्वसम्मति नभएको बताएका छन् । जस्तोसुकै प्रवृत्तिको भूमि अतिक्रमणले पनि मोही हक र खाद्य अधिकारलाई कुनै न कुनै नकारात्मक प्रभाव भने पारिरहेकै हुन्छ ।

यस अध्ययन तथा विश्लेषणका क्रममा धेरैजसो अध्ययन सामग्री ठूला भूमि अतिक्रमण, लगानी र जमिनमा बढ्दो व्यावसायिक दबाबमा केन्द्रित देखियो तर सांस्कृतिक क्षेत्रमा, व्यक्तिगत तथा पारिवारिक तहमा र विशेषगरी महिला र बालबालिकामा यसको प्रभावबारे कहीँ उल्लेख गरिएको देखिएन । यस विषयको स्थानीय परिवेश र सामर्थ्यबारे कमै अध्ययन र छलफल गरिएको छ ।

अध्याय ३

भूमि अतिक्रमणको परिभाषा

यस अध्ययनका क्रममा विश्वव्यापीरूपमा भूमि अतिक्रमणको परिभाषा, सवाल, ढाँचा बुझ्नका लागि विभिन्न प्रकाशित/अप्रकाशित शैक्षिक लेख, अध्ययन प्रतिवेदन जस्ता सामग्री अध्ययन तथा समीक्षा गरी नेपालको सन्दर्भमा यसलाई उतार्न खोजिएको छ। सम्भवतः भूमि अतिक्रमणको कुनै सर्वस्वीकार्य र निश्चित परिभाषा छैन। यसको प्रक्रिया तथा असर पनि पूर्व निर्धारित हुँदैन। अध्ययनपूर्व नेपालको स्थिति भिन्न होला भन्ने सोचेका थियौँ तर नेपालमा भूमि अतिक्रमणको स्थिति भिन्नमात्र नभएर विशिष्टखालको पाइयो। यहाँ हुने भूमि अतिक्रमणको प्रक्रिया अन्य विश्वव्यापी विवरणभन्दा फरक भएकाले यसलाई हेरिने दृष्टिकोण पनि अलग हुन जरुरी छ।

एक्सनएड नेपालद्वारा सन् २०११ मा प्रकाशित 'एक्सन इन प्राक्टिस' नामक प्रतिवेदनले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहको आधारमा भूमि अतिक्रमणको ढाँचा र संयोगको वर्गीकरण कायम गरेको छ। प्रतिवेदनमा समुदायका विशिष्ट वर्गहरूले समुदायभित्र, पारिवारिक तहमा र सरकार आफैँले गर्ने भूमि अतिक्रमणलाई स्थानीय तहको भूमि अतिक्रमण भनी स्पष्टतासाथ परिभाषित गरिएको छ। यो परिभाषा हाम्रो हकमा अन्यभन्दा अलि बढी सान्दर्भिक पनि छ। यसैले भूमि अतिक्रमणको एउटा समय सान्दर्भिक निम्न परिभाषा प्रस्ताव अध्ययनको भोगाइका आधारमा गरेका छौँ :

'ठूलो परिमाणमा जमिन हडपेर स्थानीय बासिन्दालाई विस्थापित गरी उनीहरूको प्राकृतिक स्रोतमाथिको अधिकार हनन् गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ।'

भूमि अतिक्रमणको माथि प्रस्तावित परिभाषाले निम्नलिखित पक्ष समेट्ने प्रयास गरेको छ :

- प्रभावित भू-उपयोगकर्ताहरूसँग परामर्श नै नगरी उनीहरूको पूर्वजानकारीबिना व्यावसायिक तथा औद्योगिक कृषि उत्पादनका लागि औसत भू-स्वामित्वको आकारभन्दा ठूलो परिमाणमा वा राष्ट्रिय कानुनद्वारा निर्धारित जमिनको हदबन्दी उल्लङ्घन गर्दै जमिनको असमानुपातिक स्वामित्व वा नियन्त्रण ।
- स्थानीयबासीको परम्परागत भोगाधिकार र भूमिलगायत अन्य प्राकृतिक स्रोतमाथिको पहुँचको उपेक्षा गर्दै राजस्व पद्धति वा विकासमूलक हस्तक्षेपका पक्षमा ल्याउने प्रवृत्ति ।
- वि.सं. १९५० भन्दा अगाडिको शासन प्रणालीले कर्मचारीले दिएको सेवावापत र पञ्चायत व्यवस्थाका समर्थकलगायत केही सामाजिक समूहमा बिर्ता र जागिर जस्ता अन्यायी भू-व्यवस्थाका नाममा वितरित जमिन ।
- कुनै व्यक्ति/राज्यबाट वा दानस्वरूप प्राप्त गुठी तथा अन्य ट्रस्टहरू (धेरैजसो धार्मिक उद्देश्य) को स्वामित्वका जमिन ।
- कावुलियती वन कार्यक्रम जस्ता विकासमूलक गतिविधिका नाममा स्थानीयबासी विशेषगरी आदिबासी र पिछडिएका किसानले परम्परादेखि उपयोग गर्दै आइरहेका प्राकृतिक स्रोतमा दख्खल गरी उनीहरूको भूमि तथा अन्य स्रोतमाथिको परम्परागत अधिकारलाई नजरअन्दाज गर्नु ।
- पर्यटकीय उद्योग, सैनिक आधार विस्तार आदिका लागि विभिन्न राष्ट्रिय निकुञ्ज तथा आरक्ष निर्माणद्वारा स्रोतमाथिको पहुँच र स्रोतको परम्परागत उपयोग प्रवृत्तिलाई बेवास्ता गर्नु ।
- समाज, अर्थतन्त्र र वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असरहरू बेवास्ता गर्दै ठूला बाँधलगायत अन्य सामाजिक संयन्त्र निर्माणका लागि राज्यद्वारा ठूलो परिमाणमा जमिन अधिग्रहण गरी स्थानीय बासिन्दालाई विस्थापित गराउनु ।
- जग्गा कारोबारी (रियल स्टेट) को विकास र पर्यटकीय माग परिपूर्ति गर्ने घर तथा होटलहरू स्थापना जस्ता व्यावसायिक उद्देश्यका निम्ति जमिन उपार्जन जसले गर्दा किसानको अग्राधिकारको अनावरणका साथै खेतीयोग्य जमिनको व्यावसायीकरण, प्राकृतिक रेखाङ्कनको विनास गरी पर्यावरण र वातावरणलाई कमजोर बनाउनु ।
- राष्ट्रिय सुरक्षा बल र विद्रोहीद्वारा द्वन्द्वकाल र त्यसपछि गरिएका भूमि अतिक्रमण
- साना र पिछडिएका किसानद्वारा ठूला व्यावसायिक किसानलाई सीमित खेतीयोग्य जमिन, नेपालको पूर्वी भागमा भइरहेको चिया खेती जस्तो दिगो उद्देश्यका लागि ठेक्कामा दिने व्यवस्था सिर्जना गरी साना तथा पिछडिएका किसानलाई जोखिमपूर्ण अवस्थातिर धकेल्नु
- गैरकानुनी तरिकाले अर्काको जमिन हत्याउनु । जस्तै- अरूको जमिन लिनु वा उनीहरूलाई आफ्नो कानुनी उत्तराधिकारबाट वञ्चित गराउनु । परम्परागत र औपचारिक कानुनी पद्धतिले ऐतिहासिक पद्धतिगतरूपमा महिलालाई सीमितमात्र भूमि र मोहीसम्बन्धी अधिकार प्रदान गर्दै आइरहेको छ। अधिकांश परिवारमा महिला विशेषगरी विधवा, अनाथ बालिका, एकल महिलालाई भूमिको स्वामित्व दिइँदैन । पतिको निधनपश्चात उसको सम्पत्तिमा पत्नीको अधिकार भए तापनि परिवारका अन्य सदस्यले विधवा पत्नीलाई उसको अधिकारबाट वञ्चित गराउँछन् र सम्पूर्ण सम्पत्तिमा आफ्नो अधिनत्व जमाउँछन् ।

सम्पूर्ण तहमा हुने सबै किसिमका भूमि अतिक्रमण खाद्य सुरक्षा र अधिकारको सवालमा मात्र नभएर मानव अधिकार सम्बन्धमा र महिलाको कानुनी हकमा पनि उत्तिकै जटिल छन् । अतिक्रमण गर्नेहरूमा प्रभावित समुदाय विशेषगरी आदिबासी जनजातिप्रतिको न्यायसङ्गत उत्तरदायित्व र सांस्कृतिक सम्बन्धको कमी रहेको छ। उनीहरू स्थानीय समुदाय र सांस्कृतिक, सामाजिक र आर्थिक अधिकारको पुनःनिर्माण जस्ता विषयलाई बेवास्ता गर्दै आइरहेका छन् ।

यद्यपि सबै किसिमका भूमि अतिक्रमणलाई एउटै दृष्टिकोणबाट हेर्न भने खोजेको होइनौँ । भूमि अतिक्रमणलाई तिनका स्रोत (अहिलेको सन्दर्भमा भूमि) माथिको पहुँच र स्वामित्व, कृषि उत्पादकत्व, लाभ बाँडफाँट, वितरणमुखी न्याय, खाद्य सुरक्षा, महिलाको कानुनी हक तथा मानव अधिकार उल्लङ्घनका सवालमा पार्ने प्रभावका आधारमा विभाजन गर्न प्रस्ताव गरेका हौ ।

अध्याय ४

नेपालमा भूमि अतिक्रमण : ढाँचा र प्रवृत्ति

यस अध्यायमा नेपालको सन्दर्भमा भइरहेका र सम्भाव्य भूमि अतिक्रमण बारे प्रस्तुत गरिएको छ। प्रारम्भिक जानकारी र अन्य स्रोतका आधारमा यस अध्यायले नेपालको सन्दर्भमा अन्यभन्दा फरक र अनौठो भूमि अतिक्रमणका नमुना उल्लेख गर्नुका साथै भूमि अतिक्रमणबारे आफ्नै दृष्टिकोणबाट पर्याप्त जानकारी बुझ्न पनि योगदान पुऱ्याएको छ।

भिया, सन् २०११ का अनुसार आफ्ना नागरिकको भूमिसम्बन्धी अधिकारको सुरक्षा सुनिश्चित गर्न नसकिरहेका मुलुकले विशेषगरी महिला (छोरी वा विवाहित महिला) को भूमि अधिकारलाई कानुनी र सांस्कृतिक दुवैतिरबाट क्रमबद्धरूपमा बेवास्ता गरिरहेका हुन्छन्। हालको लगानी प्रवाह हेर्दा सामाजिक न्याय र जमिनको पुनःवितरणका एजेन्डामा प्रभाव पारिरहेका राज्यद्वारा गरिने भूमि अतिक्रमणहरू ऐतिहासिक रूपमै बढिरहेको अवस्था छ। नेपाल यिनै मुलुकमध्ये एक भएकाले यहाँ भूमि अतिक्रमणमा वैदेशिक लगानी अहिलेसम्म देखिएको छैन। यहाँ रेकर्ड गरिएका जति पनि भूमि अतिक्रमण छन् ती सबै मोही अधिकार, परिवार तथा समुदायको खाद्य सुरक्षाविरुद्ध नै भएको पाइन्छ। क्रमबद्धरूपमा महिलाको भूमिमाथिको स्वामित्व र अधिकारमा प्रतिबन्ध लगाउने संरचनागत भूमि अतिक्रमण, महिलाहरूको आर्थिक अधिकार हनन्को कारकमध्ये एक हो।

भूमि अतिक्रमणमै केन्द्रित भएर हालसम्म कुनै अध्ययन नगरिए पनि दिनहुँजसो विभिन्न पत्रपत्रिकामा यसबारे समाचार छापिइरहेका छन्। केही अन्य अध्ययन तथा अभिलेखले पनि उत्पादकत्व र किसानहरूको भूमिमाथिको अधिकारको बेवास्ता गर्दै बलजफ्तीपूर्वक जमिनको स्वामित्व खोस्ने प्रवृत्ति बढिरहेको देखाएका छन्। अध्ययनकै क्रममा, तोकिएको कार्यक्षेत्रको अवलोकन र विभिन्न घटना अध्ययनले पनि जमिन जोतभोग गरिरहेका किसानको अधिकार हनन् गर्ने र खाद्य उत्पादनमा नकरात्मक असर पार्ने भूमि अतिक्रमणका विभिन्न प्रकार र प्रकृति प्रमाणित गरेका छन्।

यस अध्यायले विभिन्न क्षेत्र, जस्तै- राज्य, सङ्घ/संस्था, निजी क्षेत्रहरूले गरिरहेका भूमि अतिक्रमणका विभिन्न प्रकार प्रस्तुत गरेको छ।

४.१ राज्यले गरेको भूमि अतिक्रमण

राज्यलाई यहाँ जमिनलगायत अन्य स्रोत साधनलाई राष्ट्रिय घेरा जस्तो निश्चित सीमाभित्र राखी तिनको न्यायोचित उपयोगमा एकाधिकार कायम गरिरहेको केन्द्रीय सरकारका रूपमा हेरिन्छ। राज्यलाई सामूहिक हितका लागि काम गर्ने निहुँमा हुनेखानेहरूले नै हाँकिरहेका हुन्छन्। राष्ट्रिय नीति, जलविद्युत् परियोजना, विमानस्थल, राष्ट्रिय निकुञ्ज, सुरक्षा बल तथा अन्य आरक्षलगायत ठूला विकासमूलक कामले पनि कुनै न कुनैरूपमा भूमि अतिक्रमण गरिरहेका छन्। यसले आदिबासी तथा भूमिमा जीविका चलाइरहेका किसानलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ।

बिर्ता र जागिर : राज्यद्वारा गरिने भूमि अतिक्रमणको प्रकार

खस राज्यले ब्राह्मण समुदायलाई बक्सिस (उपहार) स्वरूप जमिन दिने व्यवस्था (बिर्ता) को सुरुवात गरेको थियो। बिर्ता जमिनको पूर्ण अधिनत्व ब्राह्मण, धर्मगुरु, लडाकु र राजखान्दानका सदस्यलाई दिइने गरिन्थ्यो। त्यसैले बिर्ता जमिनको स्वामित्व केही जातजातिमा मात्र सीमित थियो। १९५० भन्दा अघिसम्म राज्यद्वारा राजनीतिक र सामाजिक शक्तिका पक्षमा गरिएका यस्ता भू-अधिनत्व व्यवस्था तथा राजपरिवारले नै सामाजिक र राजनीतिक आधार बनाउने गर्थ्यो। १९५९ मा बिर्ता व्यवस्था अन्त्य हुनुअघि राज्यको जम्मा जमिनको एक-तिहाई, ७,००,०८० हेक्टर वा ३६.३ प्रतिशत जमिन बिर्ताको रूपमा थियो।

तालिका नं. १ : नेपालको भू-उपयोग अनुसार वि.सं. १९५० सम्मको जमिन वितरण

भू-उपयोगको प्रकार	क्षेत्रफल (हेक्टर)	जम्मा क्षेत्रफल (%)
रैकर	९६३,५००	५०.०
बिर्ता	७००,०८०	३६.३
गुठी	४०,०००	२.०
किपट	७७,०९०	४.०
रज्या, जागिर, रकम	१४६,३३०	७.७
जम्मा	१,९२७,०००	१००

स्रोत : जमान.एम.ए. नेपाल भूमि सुधार मूल्याङ्कन, १९७३, नेपाल सरकार, भूमि सुधार मन्त्रालय

माथिको तालिकाले वि.सं. १९५० भन्दाअघिसम्म रैकर ५० प्रतिशत, बिर्ता (३६.३ प्रतिशत) र अन्य स्थानीय भू-व्यवस्था नै मुख्य रहेको देखाएको छ। अहिले बिर्ता, जागिर, किपट जस्ता भू-व्यवस्था प्रयोगमा छैनन्। त्यसैले अधिकांश जमिन गुठी र रैकरमा पर्छन्। रैकरलाई निजी जमिन भनेर बुझिन्छ भने धार्मिक संस्थाको अधिनमा भएको जमिनलाई गुठी भनिन्छ। गुठी जमिन संस्थागत भए तापनि त्यसमा पहुँच सीमित व्यक्ति वा परिवारको मात्र हुने गर्थ्यो। सरकारले अन्ततः केही व्यक्ति तथा परिवारको पहुँचमा मात्र सीमित बिर्ता र जागिर जस्ता भू-व्यवस्था अन्त्य गरी भू-स्वामित्व फेरबदल गऱ्यो तर पूर्णरुपमा सफल हुन सकेन।

१९५१ भन्दा अगाडि, बिर्ता विशेषगरी मुलुकका धनीमानी वर्गहरूको आर्थिक, सामाजिक र राजनीतिक आवश्यकता परिपूर्तिका लागि स्थापित गरिएको थियो। यो एक सामन्ती भू-अधिनत्वका रूपमा स्थापित थियो जसले केही व्यक्ति वा परिवारको निजी आवश्यकता परिपूर्तिका लागि जमिन जस्तो आधारभूत स्रोतको दुरूपयोग गरिरहेको थियो। बिर्ता भू-व्यवस्थामा कर लाग्दैनथ्यो, त्यसैले बिर्ता जमिन पाउनेहरूले ती जमिन वनका रूपमा वा बाँझै पनि राख्न पाउँथे। उनीहरूले ती जमिनबाट राज्य वा खाद्य उत्पादनमा कुनै योगदान दिनुपर्दैनथ्यो। यसले गर्दा मुलुकको राजस्वमा ठूलो गिरावट पनि आयो। यस प्रवृत्तिले भू-स्वामित्व अधिकारको एकाग्रता केही शक्तिशाली वर्गविशेषमा मात्र सीमित गरी मोही, जोताहालगायतको जमिनमाथिको स्वामित्व र अधिनत्वबाट उनीहरूलाई वञ्चित गराइरहेको छ। फलतः यसबाट उत्पन्न सामाजिक विभेदहरू अहिले पनि निहित छन्।

यसैगरी जागिर पनि प्राचीन नेपालको प्रचलित भू-व्यवस्था हुने गर्थ्यो। यस व्यवस्थामा सरकारी कर्मचारीलाई तिनको सेवावापत जागिर जमिन दिइन्थ्यो। सरकारी कर्मचारीलाई नगदको सट्टा दिइने यस्तो जमिनले हाम्रो मुलुकको भू-व्यवस्थामा गहिरो प्रभाव पारेको थियो। जागिर जमिनमा पनि कर छुट नै थियो।

तसर्थ राज्यले कर्मचारीलाई उनीहरूले राज्यप्रति पुऱ्याएको सेवावापत दिने गरेको जागिर जमिन र बिर्ता जस्ता भू-व्यवस्था पनि राज्यद्वारा विगतमा गरिएका भूमि अतिक्रमणभित्र पर्न जान्छन्। हालको भूमि पुनःवितरणको जटिलता र यो जटिलताले निम्त्याएको आर्थिक, सामाजिक र राजनीतिक असमानता पनि राज्यद्वारा विगतमा गरिएका भूमि अतिक्रमणकै परिणाम हुन्। त्यसैले नेपालको सन्दर्भमा भूमि अतिक्रमणको कुरा गर्दा हिजोका तर त्यसको प्रभाव बाँकी रहेको भू-व्यवस्थालाई पनि सम्बोधन गरिनुपर्छ।

समाचार १ ▷

सरकारी जग्गाको जथाभावी भोगाधिकार दिन रोक

नयाँ पत्रिका १३ मंसिर २०५८

सरकारले अर्बौंका सरकारी जग्गाको भोगाधिकार हचुवाको भरमा दिने गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सो कार्यमा रोक लगाएको छ।

अख्तियारले प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई सो कार्य रोक्न सोमबार निर्देशन दिएको हो। पहुँच र सोर्सफोसका आधारमा सरकारी जग्गाको भोगाधिकार नदिन मुख्यसचिव र भूमि सुधार मन्त्रालयलाई अख्तियारद्धारा पत्राचार गरेको छ।

हाल सरकारले ऐनमा कुनै व्यवस्था नगरी मन्त्रीपरिषद्बाट स्वीकृत गरी देशका विभिन्न स्थानमा रहेका सरकारी जग्गाहरूको भोगाधिकार विभिन्न संघसंस्था र व्यक्तिविशेषलाई दिंदै आइरहेको छ। अख्तियारले छानवीनका क्रममा गत २०५४ सालदेखि हालसम्म सरकारले एक सय ४८ वटा निकायलाई हजारौं रोपनी जग्गाको भोगाधिकार दिएको पाइएको छ। अख्तियारका अनुसार सरकारले हाल ६४ वटा संघसंस्थालाई थप हजारौं रोपनी जग्गा भोगाधिकार दिने तयारी भइरहेको छ। भूमिसुधार मन्त्रालयमा यस्ता खाले जग्गाको माग गर्ने संघसंस्थाहरूको सूचि लामै रहेको पनि अख्तियारले जनाएको छ।

यस्तो जमिनदारी भूमि प्रथा अन्त्य भएको यतिका वर्षपछि पनि सरकारले भूमि प्रशासनको एकाधिकार लिई विभिन्न सङ्घ/संस्थालाई भू-उपयोग अधिकार दिई रहेको छ। एक प्रतिवेदनका अनुसार सरकारले १५ वर्षमा १४८ संस्था र सङ्गठनलाई हजारौं हेक्टर सरकारी वा सार्वजनिक जमिन वितरण गरिसकेको छ। यसको थप जानकारीका लागि विभिन्न पत्रपत्रिकाबाट सङ्कलन गरिएको विवरण प्रस्तुत गरिएको छ।

अध्ययनअनुसार ६४ वटा थप संस्थाले यस्ता जमिनको भोगाधिकार लिइरहेका छन्। एउटा संस्थाले १३७३ रोपनी (६९.८५ हेक्टर) सम्मको जमिनको भोगाधिकार पाएका छन्। सरकारले यस्ता संस्थालाई कति जमिन दिइएको छ र त्यसको उपयोग कसरी भइरहेको छ भन्नेबारे कुनै लगत राखेको पाइँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भर्खरै मुख्य सचिव र भूमि सुधार मन्त्रालयलाई राजनीतिक दबाबका आधारमा कसैलाई पनि जमिनको भोगाधिकार नदिन चेतावनी दिँदै चिठी पठाएको छ।

४.२ विकासका नाममा हुने भूमि अतिक्रमण

वि.सं. २०३४ को जग्गा प्राप्ति ऐनमात्र हामीसँग भएको एउटा यस्तो ऐन हो जसले सडक परियोजना, विमानस्थल वा जलविद्युत् परियोजना जस्ता मुलुकका विकासमूलक परियोजनाका लागि जग्गा प्राप्तिमा पथप्रदर्शकको काम गर्छ। मुलुकको विकासमूलक आवश्यकतालाई बेवास्ता गर्न मिल्दैन तर अतिक्रमण भएको जमिनमा बस्दै आएका मानिसको बचावटलाई पनि बेवास्ता गर्न मिल्दैन।

काली गण्डकी जलविद्युत् परियोजनाले सडक पहुँच, आवश्यक सुविधा, क्याम्प र ट्रान्समिसन लाइन टावर र सबस्टेसनसहितको परियोजना क्षेत्रका लागि ४१२ (२१७ घर र १९५ गोठ), एक नदी र करिव २०८.६८ हेक्टर जमिन अतिक्रमण गरेको छ। के.जि.ई.एम.यु को २००१ को प्रतिवेदनका अनुसार यस परियोजनाबाट १४६८ परिवार जमिन र घरबाट विस्थापित भएका छन्।

अर्को उदाहरण झनै सान्दर्भिक छ। धेरै चर्चामा आएको सुदूरपश्चिममा निर्माण हुने भनिएको सयौं घरपरिवार विस्थापित गर्ने पश्चिम सेती जलविद्युत् परियोजना विकासका नाममा राज्यले गर्ने भूमि अतिक्रमणको एउटा गतिलो उदाहरण हो।

पश्चिम सेती जलविद्युत् परियोजना स्थापित भएको भए यसले ६५९ हेक्टर उत्पादनशील जमिनसहित २,३२५ हेक्टर जमिनको स्थायी स्वामित्व लिने थियो (डब्लु.एस.एच.एल/ए.डि.बि, २००७)। यही इ.आइ.ए प्रतिवेदनका अनुसार यस परियोजनाले करिव २,४२१ घरपरिवार (झण्डै १८,२६९ व्यक्ति) लाई प्रभावित पारी १,५७९ घरपरिवारलाई पुनर्स्थापना गराउने अवस्था आउन सक्थ्यो।

तसर्थ, यस परियोजना प्राथमिक योजनाबमोजिम अघि बढेको भए यसलाई एक गम्भीर किसिमको भूमि अतिक्रमणको घटनाका रूपमा लिन सकिन्थ्यो । यस कारण पनि भूमि अतिक्रमणको सवाल तुरुन्त सम्बोधन गरिनुपर्ने एक मुख्य सवाल हो ।

रेडियो नेपालले सर्खेत, बयलकाँडा-७ स्थित ५१ प्लट र बयलकाँडा-६ स्थित २० प्लट जमिन विभिन्न व्यक्तिबाट कब्जा गरेको छ । ११ घरका सदस्य अन्यत्र स्थानमा बसाइँ सरेका छन् भने अरूले वि.सं. २०४७ सालदेखि पूर्णरूपमा खेतीबाट हात धोए । उनीहरूले सरकारबाट क्षतिपूर्ति पाएपछि आफ्ना माछा पोखरी, कृषियोग्य जमिन त्यागेका थिए । जमिनको स्थितिअनुसार कसैलाई बढी, कसैलाई कम क्षतिपूर्ति दिइएको थियो । बयलकाँडाका होमबहादुर थापाले भने- 'क्षतिपूर्ति जमिनको मूल्यभन्दा बढी थियो ।' विस्थापितहरूले पाएको क्षतिपूर्तिले अन्यत्र ठाउँमा जमिन किने । सबैभन्दा बढी क्षतिपूर्ति रु. ४०,००० प्रति कठ्ठा र सबैभन्दा कम रु. १२,००० प्रतिकठ्ठा थियो । केही यसमा असन्तुष्ट पनि देखिए । रेडियो नेपालका कर्मचारी तोपराज पुरीका अनुसार 'उनीहरूले पहिले पनि आवाज उठाएका हुन् तर केही सुनवाइ भएन ।' विस्थापित लीलाराम गुरुङका छोरा मीनबहादुर भन्छन्- 'हामीले कुनै क्षतिपूर्ति पाएनौँ त्यसैले अहिले आवेदन गरेका छौँ । मेरा बा आमाको मृत्युपछि मैले जमिनको तिरो तिरिरहेको छु । जग्गा दर्ता गरेको कार्ड त छ तर जग्गा रेडियो नेपालको क्षेत्रभित्र परेको छ । उपयोग गर्न पाइएको छैन । त्यतिबेला भारतमा भएकाले हामीलाई त्यसबेलाको प्रक्रियाबारे थाहा भएन ।'

विकासमूलक परियोजनाले आफ्ना आवश्यकताभन्दा ठूलो परिमाणमा भूमि अतिक्रमण गरेको पनि केही उदाहरण छन् । मुख्य कुरा यस प्रक्रियामा विस्थापित भएका परिवारको कस्तो अवस्था छ भन्ने हो । उनीहरूलाई क्षतिपूर्तिस्वरूप केही नगद राहत उपलब्ध गराइए पनि विभिन्न प्रतिवेदनले केहीबाहेक अन्य विस्थापितको जीवनस्तरमा गहिरो नकारात्मक प्रभाव परिरहेको जनाएका छन् ।

बर्दियाको कपास विकास समितिको एउटा उदाहरण यस्तो छ :

२०३३ असार २१ गते वन मन्त्रालयले विभिन्न कृषि विकास कार्यक्रमका लागि जमिन उपलब्ध गराएको थियो । त्यतिबेला कृषि विकास कार्यक्रमअन्तर्गत कपास खेती पनि एक थियो । सरकारले बर्दिया जिल्लाको कालिकामा ११,५०० हेक्टर जमिन पूर्वमा मानखोला, पश्चिममा भादा नदी, दक्षिणमा नेपालगञ्ज गुलरिया हुलाकी सडक र उत्तरमा महेन्द्र राजमार्गभित्र रहेको जमिन फँडानी गरी कपास खेती गर्ने अनुमति दिएपछि २०३७ मा कपास विकास समिति स्थापना भयो । कपास उत्पादन गर्नका लागि विश्व खाद्य कृषि सङ्गठनले एसियाली विकास ब्याङ्कको आर्थिक सहयोगमा कपास लगाई उत्पादन गर्न सघायो । उक्त समितिले ८ वर्षसम्म काम गर्दा त्यहाँका कृषि कार्यमा लागेका धेरैले मजदुरी पाएका थिए । त्यसपछि कपास विकास समितिले आफैँ काम गर्न नसक्ने भएपछि खेती गर्नका लागि किसान खोज्न थाल्यो । कपास विकास समितिको नजिक रहेका गाउँका किसानलाई हल गोरु भएको परिवार सङ्ख्याका आधारमा १० कठ्ठादेखि ३ बिघासम्म जमिन सर्तमा कमाउन दिन थालियो । ती जमिन ठेक्का खल्ला जमिन, उच्चा जमिन र रियार जमिन गरी तीन भागमा विभाजन गरी अलग मूल्य राखी बीउ, मल र ऋण दिई खेती सुरु गराइयो । यस्तो कार्यमा ३५० परिवार किसान थिए । यस्तो जग्गा कब्जाले १० हजार मानिसको मजदुरी खोसियो । कृषि मजदुरीमा आश्रित थारू, दलितलगायत निम्न वर्गका मानिसको मजदुरी खोसिए । यसपछि बाध्य भएर कृषि मजदुरी गर्ने युवा तथा पुरुष भारतमा मजदुरी गर्न जान थाले । यसले घरमा बूढाबूढी, सुत्केरी महिला, बालबालिका रहनुपर्ने र काम गर्ने पुरुषलाई परिवारबाट टाढा बस्न बाध्य गरायो । गाउँमा कसैलाई केही भइहाल्यो अथवा भवितव्य पऱ्यो भने पनि पुरुषको सहारा पाउन मुस्किल बनायो ।

राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र

भूमि अतिक्रमणको परिभाषा हेर्दा यसले खाद्य अधिकार, सांस्कृतिक अधिकार तथा प्राकृतिक स्रोतमाथि स्थानीयहरूको पहुँचमा पार्ने प्रभावका आधारमा यसमा अन्य तत्वको पनि संलग्नता देखिन्छ । समाज, राज्य तथा बजारले बराबररूपमा स्थानीयबासी र विशेषगरी वर्षौंदेखि स्रोतको व्यवस्थापन र संरक्षण गर्दै आइरहेका आदिबासी जनजातिलाई बेदखल गरिरहेका छन् । जैविकचक्रको संरक्षणका नाममा धेरै समुदाय आफ्नो स्थानबाट विस्थापित भएका छन् ।

नेपालका १० राष्ट्रिय निकुञ्ज, ३ वन्यजन्तु संरक्षण, एक शिकार आरक्षण, ६ आरक्षण क्षेत्र र ११ मध्यवर्ती क्षेत्रलगायत्का संरक्षित क्षेत्रले देशको कुल क्षेत्रफलको २३.२३ प्रतिशत (३४,१८६.६२ वर्ग कि.मि) ओगटेका छन् । (http:®®welcomenepal.com®promotional®tourist-destination®park-reserves®, accessed: 12 May 2013) । यसले स्थानीयको जीवनस्तरमा विभिन्न नकारात्मक प्रभाव पारिरहेको छ । यसले वर्षौंदेखि उपयोग गर्दै आइरहेको स्रोतहरूमाथि स्थानीयलाई उनीहरूको परम्परागत अधिकारबाट वञ्चित गरी आइ.एल.ओ. १११ र १६९ मा उल्लिखित आदिबासीहरूको सांस्कृतिक र भोगाधिकार पनि उल्लङ्घन गरेको प्रष्टै देखिन्छ ।

चित्र नं. १ : नेपालको संरक्षित क्षेत्र

स्रोत : http:®®www.dnpwc.gov.np®

राष्ट्रिय निकुञ्ज र संरक्षण तथा आरक्षण क्षेत्र वरिपरि बसोबास गर्नेहरूको स्रोत उपयोग, परिचालन र सांस्कृतिक अभ्यासहरूमाथिको परम्परागत अधिकार पनि हनन् भएको छ।

परम्परादेखि नै माछा मार्ने, बेच्ने र त्यसैबाट गुजारा चलाएका माझी समुदायमा एउटा घटना भयो । २०४१ सालमा माझी समुदायका मानिस माछा मार्न नदीमा गएका बेला सेनाले चितवन राष्ट्रिय निकुञ्जबाट नियन्त्रणमा लियो। सेनाले माझीहरूको डुङ्गा फुटायो, उनीहरूलाई पिट्यो, जम्मा गरिएको माछा खोस्यो। र, उनीहरूलाई 'अबदेखि राष्ट्रिय निकुञ्जभित्र पर्ने नदीहरूमा माछा नमार्नु, जङ्गलको साग, सिस्नु नटिप्नू भन्दै धम्क्यायो। जबकि जुन नदीमा उनीहरू माछा समात्दै थिए त्यस नदीमा माछा समात्न र डुङ्गा चलाई जीविका चलाउन राजा महेन्द्रले नै अनुमति दिएका थिए। सन् १९७३ मा स्थापना भएको चितवन राष्ट्रिय निकुञ्जले वन, नदी र खोलाहरूबाट जीविकोपार्जन गरिरहेका रैथाने समुदायको खाद्य सुरक्षामा यसरी गम्भीर असर पुऱ्याएको छ।

सबै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणहरूले कुनै न कुनैरूपमा आदिबासीहरूलाई आफ्नो स्थानबाट विस्थापित गरेर होस् वा उनीहरूको स्रोतमाथिको परम्परागत अधिकार खोसेर असर पुऱ्याइरहेका छन्।

४.३ संस्थागत भूमि अतिक्रमण

सार्वजनिक, शैक्षिक तथा च्यारिटी कार्यको प्रवर्द्धनमा लागेका संस्था र प्रतिष्ठानलाई संस्थागत क्षेत्र भनिन्छ। संस्थागत क्षेत्र आफ्नो आशय तथा सम्बन्धका लागि संदिग्ध भए पनि सामूहिक लाभका लागि व्यक्तिगत र सामाजिक आवश्यकता पूर्ति र सामाजिक-सांस्कृतिक पद्धतिको व्यवस्थापनका लागि काम गर्छ। गुठी, विद्यालय, विश्वविद्यालय, सामुदायिक वन उपभोक्ता समिति, कबुलियती वन तथा विभिन्न ट्रस्ट तथा प्रतिष्ठान यस क्षेत्रभित्र पर्छन्।

गुठी : संस्थागत भूमि अतिक्रमणको नमुना

बिर्ता पाएका धेरैले विगतमा त्यस्तो बिर्ता जमिन, गुठी (धार्मिक ट्रस्ट) लाई दान दिए। केहीले बिर्ता जमिन मन्दिरको नाममा, कसैले शैक्षिक संस्था स्थापनाका लागि दिए भने कोहीले यस्तो जमिन पारिवारिक गुठीका रूपमा स्थापित गराए। यसलाई आफ्नो भन्दा अरूको हित चाहने कार्यको सङ्ज्ञा पनि दिइयो। तर बिर्ता पाएकाहरूले सरकारको हस्तक्षेपबाट आफ्नो जमिन सुरक्षित राख्नका लागि यस्ता जमिन धार्मिक संस्था, मठमन्दिर, गुम्बा, अस्पताल, अनाथालयलगायतलाई दिएका हुन्।

बिर्ता जमिनमात्र नभई राज्यले संस्थागत स्वामित्वमा गुठी स्थापना गर्न पनि जमिन दिएको छ। यस्ता गुठीलाई राज गुठी भनिएको छ। गुठी चार किसिमका छन्। यसअन्तर्गत गुठी रैतानी नम्बरी, गुठी अधिनस्त, गुठी तैनाथी र गुठी नम्बरी छन्। पछिल्लो समयमा यस्ता गुठी जमिनको उचित उपयोग भइरहेको छैन। यसो हुँदा उत्पादनमा ह्रास आउनुका साथै ती जमिन जोतभोग गर्दै आएका किसानलाई स्वामित्वबाट वञ्चित गराएको छ।

धार्मिक उद्देश्यले भन्दा पनि राज्य तथा जग्गाधनीले जमिन खोस्ने डरले गुठी संस्थाहरूलाई दान दिइने प्रवृत्ति पनि भूमि अतिक्रमणको उदाहरण हो। यस्ता गुठी संस्थाहरूको उत्पादनको सीमित हिस्सा धार्मिक कार्यमा खर्च गरे पनि बाँकी उत्पादन गुठीका मालिकले नै लिने गरेका छन्।

यसरी गुठीको धार्मिक अस्तित्वलाई पारिवारिक फाइदा र व्यक्तिगत आवश्यकता परिपूर्तिका रूपमा केही व्यक्तिले लामो समयदेखि प्रयोग गर्दै आइरहेको पाइन्छ। यसलाई पनि एक प्रकारको भूमि अतिक्रमण नै मानिन्छ।

गुठी संस्थान २०६६, उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदन २०६७ का अनुसार अहिले पनि नेपालमा ७३,५१२ हेक्टर उत्पादनशील जमिन हडपिरहेका (आफ्नो स्वामित्वमा राखेका) २,३३५ राज गुठी छन् केही सीमित व्यक्ति, परिवार र संस्थाले अझै पनि आफ्नो अधिनत्वमा यस्ता थुप्रै निजी गुठी वा ट्रस्टका नाममा जमिन कब्जा गरिराखेका छन्। गुठी संस्थान कसरी भूमि अतिक्रमणको एक उदाहरणीय रूप हुन सक्छ भन्नेबारे पुष्ट्याई पछिल्ला परिच्छेदमा गरिएको छ।

दैलेखस्थित श्री चरणपादुका गुठीको मन्दिरमा पहिले पुजारी, भण्डारी, कुण्डल लगाएका योगी, महन्तहरू बस्थे। मन्दिरमा भव्य पूजा आयोजना हुन्थ्यो। मन्दिर वरपरको वातावरण रमणीय थियो। अहिले भग्नावेशमात्र बाँकी छ। भत्किएको मन्दिर र बल्न छाडेको ज्वालाबाहेक अरू केही बाँकी देखिन्न। पुराना मूर्ति, काँस र चाँदीका सामग्री पनि हराइसकेका छन्। गुठी संस्थान आफैँले महन्त छनौट गर्थ्यो। त्यहाँ पहिले अमरनाथ र लक्ष्मीनाथ र त्यसपछि, देवीनाथ महन्तले गुठीको कार्यभार सम्हाले। वि.सं. २०२६ सालमा महन्त कसलाई बनाउने भन्ने विषयमा ठूलो विवाद भयो। गुठीका जग्गा जोतभोग गर्नेले आधा नगद र आधा जिन्सी सामान गरी तिरो तिर्नुपर्ने चलन थियो। पछि २०४८/४९ तिर जग्गा नापी भयो। श्री चरणपादुका गुठी उल्लिखित भएको जग्गाधनी पुर्जा किसानले पाए। अचम्म त के भयो भने खेतमा मोहियानी हक लगाइयो र बारीको मात्र पुर्जा दिइयो। जग्गा नापी भएपछि मालपोतले गुठी जग्गाको पनि रैकरसरहको तिरो लिन्थ्यो। २०५२ सालसम्म तिरो मालपोतले लिन्थ्यो पछि फेरि महन्तले उठाउन थाले।

महन्तले तिरो बुझेको रसिद नदिए जग्गाको हक हस्तान्तरण र बिक्री वितरण गर्न मिल्दैन थियो। केही यस्ता अप्ठेरो परेका किसानले बाहेक अन्य किसानले कुत वा तिरो तिरेका छैनन्। किसान चाहन्छन्- तिरो महन्तलाई होइन मालपोतमा बुझाउने हो। र, उनीहरू यही माग गरिरहेका छन्। यस्तो माग राख्दै २०५६ सालमा किसानले आन्दोलन पनि गरे। तर खास उपलब्धि आएन। त्यतिबेला २५ पैसामा १ कुरुवा घीउ, १० पैसामा १ पाथी अन्न हिसाव गरिन्थ्यो। अहिले जिन्सीको भाउ आकासिएको छ। अहिले किसानले कुत तिर्न सक्ने अवस्था छैन। किसानलाई यसले धेरै समस्या पारेको छ। जग्गा छ तर घरपरिवारमा केही समस्या पऱ्यो, कहीँ धितो राखेर ऋण लिनुपऱ्यो भने पनि मिल्दैन। किसानहरू कमैया र गुठी मोही जस्तै महन्तका खेताला भएको महसुस गर्छन्। गुठीका लागि पूजा गर्न छुट्याइएको जग्गा पनि पछि महन्त आफैँले दर्ता गरे। त्यसपछि परम्परागतरूपमा चल्ने पूजाआजा पनि बन्द भयो।

यस्ता उदाहरणले गुठी संस्थानले अझै पनि मुलुकभर कसरी जमिनमाथि अधिनत्व (कब्जा) जमाइरहेका छन् भन्नेबारे स्पष्ट पार्छ। धनकुटास्थित लेगुवा गुठीको एक अर्को उदाहरण हेरौँ :

धनकुटा जिल्लाको लेगुवा गाविस– ३,४,५ र ६ वडामा बसोबास गरेका किसानलाई स्वामित्वबाट वञ्चित गरी १८७२ मा ४ किल्ला तोकी तत्कालीन राजा/महाराजाले 'पिण्डेश्वर गुठीसरह सुखभोग गर' भन्दै गुठी घोषणा गरे। त्यतिबेला गुठी कायम गर्दा किसानलाई क्षतिपूर्ति दिइएन। मेलगिरी र कञ्चनगिरीलाई नागेश्वर महादेवका नाममा कुत बाली बुझाउनु, आफू खानु र वरपरको बरबगैँचाको हेरचाह गर्नू भनी जिम्मेवारी दिइयो। पछि तिनै महन्तले किसानबाट जमिन खोसी आफ्नो स्वामित्वमा राखे र एकाधिकार जमाए। यो गुठी २४० वर्षभन्दा अगाडि धार्मिक स्थल, मठमन्दिर संरक्षण गर्ने उद्देश्यले राखिएको थियो। समस्या पुरानो हो। किसानले पनि जग्गाको अधिकार माग गरे तर केही भएन। पछि २००७ सालमा प्रजातन्त्र आई ६ दशक पूरा भइसक्दा पनि किसानले जमिनको स्वामित्व पाउन सकेनन्। आज पनि उनीहरूले त्यही जमिनका लागि आवाज उठाइरहेका छन्। जमिनको स्वामित्व माग गरिरहेका छन्।

माथिका उदाहरणबाट के देखिन्छ भने गुठीको जमिन जो महन्त थिए, जो टाठाबाठा थिए, जसले राजा/महाराजाको गुलामी गरे उनीहरूले आफ्नो स्वामित्वमा पारे। आदिबासी र भूमिमा काम गरिरहेका किसानलाई जग्गाको स्वामित्वबाट वञ्चित गराइयो। जुन उद्देश्यले गुठीको जमिन छुट्याइएको थियो काम त्यस विपरित भएको देखियो। जस्तै- पूजाआजा गर्ने, परम्परा धान्ने, संस्कृति जोगाउने उद्देश्यका साथ छुट्याइएको थियो, त्यो मर्मअनुसार अघि बढ्न सकेन। यसबाट किसानहरू अधिकारबाट वञ्चित भए। केही सामन्ती महन्त भने मालिक भए। यसरी हेर्दा हाम्रा गुठी संस्थाहरू के हेरेर बसिरहेका छन् भन्ने प्रश्न उठ्छ। गुठी संस्थाले गुठी जमिनको म्रेस्ता पनि गुमाइसकेको अवस्था छ। यद्यपि विभिन्न गुठी संस्था बेग्लाबेग्लै किसिमका भएकाले सबैखालका गुठी र तिनले निम्त्याउने समस्याको समाधानका लागि एउटै नीतिले काम नगर्न पनि सक्छ तर पछिल्ला समयका विभिन्न घटना हेर्दा यस्ता विषयमा गुठी संस्थान बोलेको पाइन्न।

४.४ सुरक्षा बलद्वारा गरिएका भूमि अतिक्रमण

माओवादी र सरकारबीचको द्वन्द्वकाल (सन् १९९६-२००६) का बेला मुलुकका विभिन्न स्थानमा भूमि अतिक्रमणका घटना भएका थिए। माओवादी र सात दलबीच सन् २००६ मा भएको विस्तृत शान्ति सम्झौतापछि पनि विभिन्न स्थानमा पुनः भूमि अतिक्रमण (जग्गा कब्जा) भएका थिए। यस्ता जमिन अझै पनि धेरै ठाउँमा फिर्ता भएका छैनन्। सन् २०११ मा (गुरुङ) गरिएको एक प्रतिवेदनअनुसार नेपाली सेना तथा माओवादीले अतिक्रमण गरेको जमिनको क्षतिपूर्ति अहिलेसम्म पनि दिइएको छैन।

विस्तृत शान्ति सम्झौता उल्लङ्घन गर्दै माओवादीका भातृ सङ्गठनले बर्दियामा ३०० बिघा जग्गा कब्जा गरेका थिए। अखिल नेपाल किसान महासङ्घ र सुकुम्बासी सङ्घले जमिनदारका जग्गा कब्जा गरिएको घोषणा गरेका थिए। सङ्गठनका अनुसार जमिनदारहरूले जोतभोग गर्दै किसानलाई जमिनको अधिकार दिनुको साटो बेचविखन गर्न थालेकाले जमिन कब्जा गरिएको हो।

समाचार २ ▷

कब्जा गरिएको जमिन फिर्ता नगरिने

गोरखापत्र दैनिक, मङ्सिर ८

मोरङ जिल्लामा मात्र पाँच सय १७ विघा जग्गा सङ्गठनको कब्जामा रहेको एकीकृत माओवादी सम्बद्ध बैद्य–बादल पक्षधर अखिल नेपाल किसान महासंघ क्रान्तिकारीले जनाएको छ। सङ्गठनको कब्जामा रहेको जग्गा कुनै पनि हालतमा फिर्ता नगर्ने महासंघका जिल्ला अध्यक्ष कृष्णप्रसाद चौलागाईले बताउनुभयो। युद्ध कालमा मोरङ गोविन्दपुर मोही दुगडको १९० विघा, हसन्दको निर्मल श्रेष्ठको १०७, डाँगीहाट सुरेन्द्र बस्नतेको ९५, बबियाबिर्ताका दिलिप घडेवालको ५०, मृगौलिया, दुलारीको तिलक रिजालको २९, मधुमल्ला गोविन्द र हरी उप्रेतीको १६ र सुन्दरपुर जगदम्बा गुठीको ३० विघा जग्गा किसान महासंघको कब्जामा रहेको अध्यक्ष चौलागाईले बताउनुभयो।

मुलुकका विभिन्न स्थानमा यस्ता घटना थुप्रै भएका छन्। यी त प्रतिनिधि उदाहरणमात्र हुन्। यहाँ उल्लेख गरिएको एक पत्रिकामा छापिएको समाचारअनुसार नेकपा माओवादीले मोरङमा ५१७ बिघा उत्पादनशील जमिन कब्जा गरेको छ। समाचारअनुसार विभिन्न व्यक्तिको जग्गा कब्जा गरी माओवादी भातृ सङ्गठनले नियन्त्रणमा राखी जग्गाधनीलाई फिर्ता नदिने बताएका छन्। (हे.समाचार–२)

जनआन्दोलनका समयमा यस्ता भूमि अतिक्रमणका घटना सामान्य थिए। अहिले माओवादी टुक्रिएपछि बनेको नयाँ दल, नेकपा–माओवादीले पुनः विभिन्न स्थानमा भूमि अतिक्रमण गर्न थालेका घटना मिडियामार्फत आइरहेका छन्।

देशको राजनीतिक नियन्त्रण आफ्नो अधिनमा पार्ने माओवादी एजेन्डालाई अझ बृहत् बनाउनका लागि नेकपा माओवादीले द्वन्द्वकालमा ठूला जमिनदार र राजनीतिक प्रतिपक्षीका जमिन कब्जा गरेका थिए। जुन २०१० को एक प्रतिवेदनअनुसार मध्य र सुदूरपश्चिम तराई, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरमा धेरै जमिन माओवादी र यसका भातृ सङ्गठनले कब्जा गरेका थिए। यी समस्या हालसम्म पनि सुल्झन सकेका छैनन्। प्रतिवेदनअनुसार मोरङ जिल्ला प्रशासनमा द्वन्द्वकालदेखि हुँदै आएका यस्ता विभिन्न घटना दर्ता भएका छन्। कार्टर सेन्टर, २०१२ का अनुसार पूर्वी पहाडी क्षेत्रमा पनि सङ्खुवासभा र उदयपुरका केही भागमा यस्ता घटना पाइएको छ।

समाचार ३ ▷

१० सय बिघा जग्गा अतिक्रमण

कान्तिपुर दैनिक, गुलरिया, बर्दिया

भू-माफियाको सहयोगमा भूमिहीनका नाममा गुलरिया नगरपालिकाको संरक्षणमा रहेको करिव १ हजार ९ सय विघा सार्वजनिक जग्गा अतिक्रमण गरिएको छ। उक्त जग्गामा जोतभोग भइरहेको छ।

गुलरिया नपाका सामुदायिक विकास शाखाका नायव सुब्बा रामप्रसाद चौधरीका अनुसार ऐलानी, सडकले ओगटेको क्षेत्र, सुर्य नदी क्षेत्र र बबई नदीले कटान गरेको बगरसमेत भूमिहीनका नाममा कब्जा गरिएको छ। विगत लामो समयदेखि पटक पटक गरी भूमिहीन सुकुम्बासीले नदी आसपास र बगर छाडेर नपाको संरक्षणको करिव ७५ प्रतिशत जग्गा कब्जा गररेको चौधरीले बताए।

राजनीतिक संरक्षणमा भूमिहीनका नाममा संरक्षित जग्गा कब्जा भएको स्थानीयले बताए। भूमिहीनका नाममा संरक्षित जग्गा कब्जा गरेका केहीसँग ट्याक्टर, जिप, मोटरसाइकललगयात विलासिताका सामान रहेको कर्मचारी स्रोतले बतायो। संरक्षित जग्गा भएपछि नपासँग पार्क, वडा कार्यालय, खेलकुदको लागि चौर, मैदान, बाल कल्याण, ल्याण्डफिल साइडलगायत विकास निर्माणका लागि एक धुर पनि जग्गा नरहेको नपाका कार्यकारिणी अकिकृत विष्णु गरुरुले बताए।

यसरी जग्गा कब्जा गर्नेहरूले भूमिहीन किसान र जोताहाहरूमा ती जग्गा पुनःवितरण गर्ने भने पनि त्यस्तो देखिएको छैन। खासमा राजनीतिक तहमा शक्ति भएकाहरूले भूमिहीन किसान बनेर ती जमिनको अधिनत्व लिएका छन्। यसलाई कान्तिपुर दैनिकमा छापिएको एक समाचारले पनि पुष्टि गरेको छ। (हे.समाचार ३)

४.५ जातीय सङ्गठनले गरेका भूमि अतिक्रमण

राजनीतिक दलहरूले मात्र नभएर हालै बनेका जातीय तथा धार्मिक संस्थाहरूले पनि धार्मिक उद्देश्यका लागि भन्दै निजी जमिन हडपिरहेका छन्।

जातीय सङ्गठनद्वारा वनको जग्गा कब्जा

नागरिक दैनिक, पथरी(मोरङ), मंसिर २५

संक्रमणकालको फाइदा उठाउँदै जातीय र धार्मिक सङ्गठनले बलजफ्ती मोरङको सयौं हेक्टर वनक्षेत्र कब्जा गर्न थालेका छन् ।

जल, जमिन र जङ्गलमा आदीबासी जनजातीलाई अन्तर्राष्ट्रिय महासन्धि आइएलओ १६९ ले समेत 'अधिकार दिएको'दावी गर्दै ती सङ्गठनले राष्ट्रिय वन कब्जा गरेका हुन् । उनीहरूले बसाएको गलत नजिरले अहिले क्षेत्री, बाहुन र संख्यात्मक रूपमा निकै कम रहेका जोगी र क्रिशिचयन समुदायले पनि वन आफ्नो बनाउन थालेका छन् ।

आठ वर्षअघिसम्म स्वतन्त्र रहेको शनिश्चरे – १ स्थित पशुपति सामुदायिक वनमा अहिले विभिन्न सात सङ्गठनका तुल, झण्डा र त्यसमाथि तारजालीले घेरेका भेटिन्छन् । अलग–अलग ठाउँमा करिव ४० हेक्टर वन हडपेर विभिन्न जातजातीले आफ्नो कब्जामा लिई धार्मिक स्थल र धार्मिक वन घोषणा गरेका छन् । लिम्बु जातीले हडपी श्रीजंगा धार्मिक वन बनाएको क्षेत्रफल २५ हेक्टरभन्दा बढी छ । यही सामुदायिक वनमा क्षेत्री र बाहुनहरूले ६ विघाभन्दा बढी जमिन आफ्नो कब्जामा पारेका छन् भने धिमाल, किराँत, मगर, तामाङ र क्रिश्चियनले उनीहरूको जात र धर्म जोडिने प्रकृतिका छुट्टाछुट्टै धार्मिकस्थल घोषणा गरी राष्ट्रिय वनमा हैकम जमाएका छन् ।

एक पत्रिकामा प्रकाशित समाचार (हे.समाचार–४) अनुसार सात विभिन्न जातीय संस्था/सङ्गठन तथा दुई धार्मिक संस्थाले निजी र केही सार्वजनिक जग्गा कब्जा गरेका छन् । यीमध्ये अधिकांशले वन क्षेत्रलाई केन्द्रबिन्दु बनाएका छन् । जल, जमिन र जङ्गलमा आदिबासी जनजातिलाई अन्तर्राष्ट्रिय महासन्धि आइएलओ १६९ ले समेत 'अधिकार दिएको' दाबी गर्दै ती सङ्गठनले सयौं हेक्टर जमिन कब्जा गरेका छन् । विभिन्न धार्मिक समूहले भिन्नाभिन्नै स्थानमा करिव ४० हेक्टर जमिन कब्जा गरी 'धार्मिक स्थल' र 'धर्मिक वन' घोषणा गरेका छन् ।

विभिन्न घटनाको अध्ययनअनुसार केही व्यक्तिले पनि सामुदायिक वन तथा सार्वजनिक जमिन कब्जा गरिरहेको देखिन्छ । उदाहरणका रूपमा सुर्खेतको एक अध्ययनअनुसार केही व्यक्तिले करिव १०० बिघा सामुदायिक वनको जग्गा कब्जा गरी रैकर बनाइसकेको देखिन्छ ।

यस्ता जमिन मालपोत कार्यालयका केही भ्रष्ट कर्मचारीले रैकरमा परिणत गरी दर्ता गर्न सहजीकरण गर्ने हुँदा यस्ता घटना बढिरहेको देखिन्छ । हिमाल खबर पत्रिका, १० फागुन, २०६९ मा छापिएको एक समाचारअनुसार काठमाडौंमै बसोबास क्षेत्रका ३२ रोपनी जमिन कब्जा भई व्यक्तिको नाममा दर्ता भएको छ ।

४.६ विभिन्न ट्रस्ट र प्रतिष्ठानका नाममा रहेका जमिन

राज्यले सयौं हेक्टर जमिन विभिन्न ट्रस्ट तथा प्रतिष्ठान स्थापनाका लागि वितरण गरेको छ । यी ट्रस्ट राजनीतिक रूपका हुन् । यस्तो प्रक्रियाले स्थानीयबासीको स्रोतमाथिको पहुँच खोसेको छ भने जीविकामा समेत असर गरेको छ । विभिन्न प्रतिष्ठानले भूमि अतिक्रमण गरेका केही घटनाको सङ्क्षिप्त विवरण यस्तो छ तालिका २ : विभिन्न प्रतिष्ठानलाई वितरण गरिएको जमिन

प्रतिष्ठान	स्थान	क्षेत्रफल	समय	उद्देश्य	कैफियत
नेकपा एमाले जनकपुर, धनुषा पार्टी कार्यालय	जनकपुर–४, कित्ता नं. ८	०.२ हेक्टर	२०५४/०१/०५	पार्टी कार्यालय स्थापना	निर्माण गरिएको
गणेशमान सिंह स्मारक प्रतिष्ठान	झापा, शिवगञ्ज– ७, कित्ता नं. ६९७४	६.६६ हेक्टर	२०५९/०५/०१	अध्ययन केन्द्र स्थापना	तारजाली लगाइएको
पुष्पलाल स्मारक समिति	मोरङ, कञ्चनबारी–३, कित्ता नं. १०६०	१ हेक्टर	२०५४/१०/०८	भवन निर्माण	केही भाग उपयोगमा आएको
	काठमाडौं, चम्पादेवी–२, कित्ता नं. २७	६.३० हेक्टर	२०५२/०५/१९	प्रतिष्ठान निर्माण	भवन, पार्क र समाधि
गणेशमान सिंह स्मारक पार्क र समाधि स्थापना समिति	भक्तपुर, कटुन्जे–६, कित्ता नं. ४९७	८.९ हेक्टर (१७५ रोपनी)	२०५५/०४/०४	पार्क र समाधि स्थापना	
तुलसीलाल स्मारक प्रतिष्ठान	ललितपुर, उमपा– ९, कित्ता नं. २३९ र १३९	०.६६ हेक्टर	२०५८/११/१०	निर्माण कार्य	तारजाली लगाइएको

प्रस्तावित मदन भण्डारी पोलिटेक्निक संस्थान	काठमाडौं, डाँछी–६, कित्ता नं. ५१७, ५१९, ५२०, ५२१ वडा नं. ५, कित्ता नं. ७०० बालुवा गाविस–९, कित्ता नं. २	१७.१४ हेक्टर	२०६७/०२/२६	पोलिटेक्निक संस्थान स्थापना	हेल्पिङ ह्यान्डस् नेपाललाई जग्गा भाडामा दिएको
		४०.८६ हेक्टर			

स्रोत : भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको वार्षिक प्रतिवेदन, २०६७-६८ ।

यस्ता ट्रस्ट र प्रतिष्ठान स्थापनाका लागि जमिन दिने प्रक्रियाको पूर्णरूपमा विरोध गरिएको भने होइन तर उल्लिखित उद्देश्यअनुरूप जमिनको उपयोग नभएकाले र स्थानीयबासीको स्रोतमाथिको अधिकार र पहुँचमा यस्ता कार्यले असर पुऱ्याइरहेका सवाल उठाइएको हो ।

४.७ शैक्षिक संस्थाले ओगटेको जमिन

विभिन्न अवस्थामा, विद्यालय, पोलिटेक्निक संस्थान, विश्व विद्यालयजस्ता शैक्षिक स्थापनाले ओगटेको जमिनले खाद्य सुरक्षा र जोताहा किसानको अधिकारमा नकारात्मक प्रभाव पारिरहेको छ। अध्ययनको समयमा अध्ययन क्षेत्रका किसानले विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्था जमिनदार हुन नहुने बताए।

रौतहटका ३ विद्यालयले वि.सं. २०३४ देखि १४ बिघा, १३ कट्ठा खेतीयोग्य जमिन ओगटिरहेका छन्। विद्यालयले जोताहा किसानको अधिकारको ख्याल नै नगरी अरू विभिन्न व्यक्तिलाई खेती गर्न जमिन दिएका छन्। विद्यालयले ती सार्वजनिक जमिन गाविसबाट पाएका थिए।

दाङ, सोनपुर गाविस–५ ख को कित्ता नं. २८३ पर्ने ऐलानी जग्गा स्थानीय जमिनदार तत्कालीन क्याम्पस प्रमुख गणेश गुरुङ र विद्यालय सम्पत्ति संरक्षण समितिका तत्कालीन अञ्चलाधीश जगदीश झाको पहलमा क्याम्पसको नाममा निर्धन कल्याण कोष स्थापनाका लागि मन्त्रिपरिषद् को मिति २०३५/१/५ को निर्णयअनुसार ३५ बिघा ११ कट्ठा १७ धुर जग्गा महेन्द्र बहुमुखी क्याम्पसको नाममा दर्ता स्रेस्ता कायम गरियो। तत्कालीन जमिनदारहरूले गरिब किसानलाई जग्गा दिँदा कमैया, कमलरी बस्ने पाइँदैन भनेर गरिब र साना किसानलाई दिनुभन्दा क्याम्पसलाई दिने भन्दै गरिखाने किसानलाई बेवास्ता गरियो। त्यतिबेला स्थानीयबासीले गौचरन मासियो भनेर विरोध पनि जनाएका थिए। त्यसपछि क्याम्पसको नाममा भएको जग्गा स्थानीय किसानलाई वार्षिक १ लाख रूपियाँ ठेक्कामा कमाउन दिइयो।

• • •

२०६३ साल माघ १५ गते मुक्त कमैयाले सरकारी जग्गा कब्जा गर्ने नीतिअनुरूप सोनपुर गाविसका पल्कापुर, सुन्डबरी, वनकटवा, वनकट्टी गरी ४ गाउँ र चैलाही गाविसको मजगाउँ, राजपुर, भैसकुर्मा, श्रीगाउँ, टिकुलीगढ र रनियापुरका ६ गाउँ गरी जम्मा १० गाउँका करिव ५०० घरपरिवारले कब्जा गरी बस्ती सुरु गरे। हाल ३६६ घरपरिवार मात्रै बसेका छन् बाँकी घर टहरामा बस्न अप्ठेरो परेकाले छाडेर गएका छन्। उनीहरूको अन्त पनि बसोबास रहेकाले त्यस ठाउँ छाडेका हुन्। त्यहाँ बसोबास गर्ने ३६६ परिवारले भने प्रतिपरिवार २ कट्ठा १० धुरसम्म जग्गा ओगटेका छन्। यीमध्ये वास्तविक सुकम्बासी १०० परिवार, २ कट्ठासम्म जग्गा भएका ३० परिवार, ५ कट्ठासम्म जग्गा भएका १३० परिवार जुन (परिचयपत्र पाएका र छुट कमैया हुन्) ५ कट्ठाभन्दा बढी जग्गा भएका १०६ परिवार छन्। जग्गा कब्जा गरी बस्ती सुरु गर्नेहरू सबै जनजाति र थारू समुदायका छन्। उनीहरू अन्त बसोबासको व्यवस्था नहुन्जेलसम्म त्यहीँ बसोबास गरिरहने अडानमा छन्।

झापा, मोरङ, इलाम, तेह्रथुमलगायत जिल्लामा स्थानीय विद्यालयले जग्गा कब्जा गरी आफ्नो हितअनुकूल चलाइराखेको धेरै घटना सार्वजनिक भएका छन्। विद्यालय स्थापना र विभिन्न प्रयोजनको नाममा पुस्तौँदेखि बसोबास गर्दै आएका किसानलाई भोगाधिकारबाट वञ्चित गरी आफ्नो प्रयोजनका लागि जमिन प्रयोग गरिरहेका छन्। विद्यालयले कब्जा गरेको जग्गा केही त किसानले नै उत्पादन गरिरहेका छन्। यस्तो जग्गामा किसानको अधिकार सुरक्षित छैन। यस्तो जग्गामा भूमिहीन वा किसानको घरबास, खेतीपाती भए पनि कुन बेला विद्यालयले बेदखल गराउने हो भन्ने चिन्ता उनीहरूमा सधैँ हुने गरेको छ।

साहारे-४, सुर्खेतमा जनसेवा विद्यालयले ७६.६ हेक्टर (११.५ विघा) जग्गा ओगटेको छ। स्थानीयहरू लगभग २० वर्षदेखि बस्दै आएको उक्त जमिनको स्वामित्व विद्यालयले दाबी गरेको छ। स्थानीय तुलसी विकका अनुसार बेलाबेलामा बस्तीमा विद्यालयका मानिस आई दुःख दिने गरेका छन्। एक पटक त अमिन ल्याई यो विद्यालयको जमिन हो भनी नापी पनि गराए। स्थानीयले त्यसो नगर्न भन्दा उल्टै विद्यालयका हेडमास्टरले केही मानिस ल्याई घर/छाप्रो भत्काउने पनि गरे। उनी भन्छन्- हामीजस्ता गरिबको उत्पादनशील स्रोतमाथि पहुँच नभएर भोकभोकै मर्नुपर्दा पनि बाँझो रहेको जमिन उपयोग गर्न दिइन्न।

शैक्षिक संस्थाहरूले देशका विभिन्न क्षेत्रमा यस्तैगरी जमिन ओगटेका छन् । यस्तो जमिन विगतमा राज्यद्वारा वितरण गरिएको बिर्ता जमिन वा सार्वजनिक जमिनबाट बढी प्रयोग भएको देखिन्छ । जोताहाहरूलाई यस्तो जमिन पुनर्वितरण गर्नुको सट्टा जमिनदारहरूले यस्ता संस्थालाई दिने गरेपछि वास्तविक किसानलाई समस्या परेको छ ।

४.८ सामुदायिक वन र कबुलियति वन परियोजना

स्थानीयहरूले वन अतिक्रमण गर्ने सवाल लामो समयदेखि नै विवादास्पद विषय बन्दै आएको छ । सामान्यतया, यस्ता वन अतिक्रमणका लागि वनको छेउछाउमा बसोबास गर्ने स्थानीयलाई सोझो अर्थमा दोषी मानिन्छ । यस कारण सामुदायिक वन उपभोक्ता समूह र स्थानीय भूमिहीन तथा सीमान्तकृत किसानबीच विवाद र द्वन्द्वका घटना बढिरहेका छन् । खासगरी सामुदायिक वन समितिहरू गठन हुनुभन्दा पहिलेदेखि बसोबास गरेकाहरूलाई उल्टै वन अतिक्रमणकारी भन्नु हाँस्यास्पद विषय छ । किनकि यस्ता धेरै ठाउँमा सामुदायिक वनचाहिँ आदिबासीको जमिन अतिक्रमणकारी भएका छन् ।

अध्ययनका क्रममा सङ्कलित केही घटनाले वास्तवमा सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन परियोजनाले जमिनमाथि कानुनी स्वामित्व नभएका तर जोतभोग भने पुस्तौँदेखि गर्दै आएका स्थानीयलाई उनीहरूको अधिकारको बेवास्ता गरेको देखाएको छ । यस्तो समस्याबाट पीडित बनेका आदिबासी भूमिहीन किसानले सरकारबाट कुनै सहयोग वा सुरक्षा प्राप्त गरेका छैनन् बरु त्यस्ता सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन परियोजनाहरूले भने सहयोग र संरक्षण दुवै पाएका छन् ।

वि.सं. २०६९ मङ्सिर १७ गते सुर्खेतको साहारेमा एक घटना भयो । राष्ट्रिय वन संरक्षणका नाममा वन कार्यालयका कर्मचारीले वर्षौँदेखि बसोबास गर्दै आइरहेकाहरूको घर जलाउन/भत्काउन थाले । त्यहाँ बसोबास गरेकालाई स्थानीय एक दलालले पछि पुर्जा दिने हो भन्दै खनदेवी सामुदायिक वनको जमिन बेचेको रहेछ । उसैले आफ्नो आदेशमा बस्न अनुमति दिएको थियो । बस्तीमा जम्मा २७ घर थिए । २२ परिवार भने वन कार्यालयले उठिबास गर्ने सूचना जारी गरेपछि मङ्सिर १० मा नै बस्ती छाडी गएका थिए । तर ५ परिवारसँग आफ्नो कतै जमिन नभएकाले बस्ती छाड्न सकेनन् । वन कर्मचारीले बस्ती उठिबास गरेपछि उनीहरू नजिकै रहेको चिङगाड नदीको किनारमा छाप्रो बनाएर बसोबास गरिरहेका छन् ।

यो अध्ययनको समय जाडो मौसमको बेला (२०६९ फागुन) मा थियो । फिल्ड भ्रमणका क्रममा सुर्खेत पुगिएको थियो । त्यस्तो जाडोको पनि कुनै पर्वाह नगरी २४ दलित परिवार जिल्ला प्रशासन र जिल्ला वन कार्यालयअगाडि खुला धर्ना बसिरहेका थिए । धेरै दिन धर्ना बस्दा पनि सम्बन्धित निकायले उनीहरूको माग सुनुवाई गरेन । धर्नामा सुर्खेतस्थित साटाखानी गाविसमा ४० वर्षअघिदेखि बसोबास गर्दै आइरहेका भूमिहीनलाई बसोबास गरेको क्षेत्रबाट विस्थापित गरिएपछि बसोबास पुनर्स्थापनाको माग गर्दै पीडित किसान बसेका थिए । सामुदायिक वन र वन कर्मचारीको मिलेमतोमा सुकुम्बासीको घर/टहरा जलाइ ठाउँ छोड्न बाध्य बनाइयो । सुकुम्बासीले बस्ती पुनर्स्थापनाका लागि प्रमुख जिल्ला अधिकारीसँग पनि माग राखेका थिए तर केही पार लागेन । उनीहरूको सुरक्षा गर्ने कोही पनि थिएन । प्रतिरोध गर्ने महिलामाथि हातपात पनि गरियो । उनीहरूका बालबालिका विद्यालय जानबाट वञ्चित भए । त्यसैले यस घटना पनि सामुदायिक वनले गरेको एक प्रकारको संस्थागत भूमि अतिक्रमणभित्र राख्न सकिन्छ ।

◁ समाचार ५

मोरङ जिल्लामा सय बिघा सामुदायिक वन व्यक्तिका नाममा

कान्तिपुर दैनिक ३० फागुन २०६९

छिन्चु–जाजरकोट सडक छेउ रहेको करिव सय बिघा वन क्षेत्र व्यक्तिका नाममा दर्ता भएको फिल्डबुक र नक्सा फेला परेको छ । फिल्डबुक र नक्सा कहिले तयार गरिएको भन्नेबारे सुकुम्बासी समस्या समाधान समिति नै अन्योलमा छ । सडक किनाराका वनको जग्गा स्थानीय दलबहादुर वनगाडीसहित ७२ जनाका नाममा नक्सा खडा भएको हो । बसोबासले नापी गरेको दावी गरिएको उक्त जग्गाको रेकर्ड मालपोत, नापी र सुकुम्बासी समस्या समाधान समिति कार्यालय कतै छैन ।

सुकुम्बासी समस्या समाधान समितिमा अमिन बुद्धबहादुर रामजालीसँगको मिलेमतोमा वनगाडीले माघमा जनजागृती सामुदायिक वनको करिव सय बिघा आफूसहित विभिन्न हिक्मतबहादुर रानाको आरोप छ ।

रानाले आरोप लगाएजस्तै दलबहादुरका नाममा सडकको बायाँ किनारामा कित्ता नम्बर ४५ को नक्सामा धेरै देखिए पनि जग्गाको क्षेत्रफल भने १३ रोपनी मात्रै उल्लेख छ । उक्त जग्गामा अहिले पनि सामुदायिक वन नै छ । छिन्चु ८ स्थित सडक छेउको झिङ्नारा र हिलेनाराबीचको जङ्गल क्षेत्रमा प्रतिव्यक्ति कम्तीमा १३ देखि १८ रोपनीसम्म रामघाट, मेहलकुनामा बसोबास गर्नेका जाममा रहेको देखिन्छ । सडकको दायाँ किनाराको करिव ४० विघा पनि विभिन्न ४१ जनाको दर्ता भएको फिल्डबुक र नक्सा फेला परेको छ । उक्त नक्सा र फिल्डबुकमा अहिले बसोबास गरेका व्यक्ति बाहेक अर्कैका नाममा दर्ता भएको रानाले बताए ।

यस्तै घटना मुलुकका अन्य सामुदायिक वनमा पनि भइरहेका छन्। चितवन, धादिङ र मकवानपुर जिल्लामा सामुदायिक वन उपभोक्ता समिति र ती समितिका हर्ताकर्ताले चेपाङ आदिबासीहरूलाई वनको जग्गा अतिक्रममण गरेको आरोप लगाएका छन्। बरु उल्टै त्यस्ता सामुदायिक वनले परम्परागतरूपमा उपभोग गर्दै आइरहेको खोरिया जमिनबाट उनीहरूलाई बेदखल गरियो। सामुदायिक वन उपभोक्ता समूहले चाहिँ चेपाङहरूको स्वामित्व प्रमाणपत्र नभएकै कारण, खोरिया जमिनमाथि स्वामित्व जमाएको देखिन्छ। यस्तो प्रक्रियाले चेपाङहरूको परम्परागत अधिकारको बेवास्ता गरी उनीहरूको स्रोतमाथिको अधिकार हनन् गरिएको छ।

नवलपरासीको कबुलियती वन परियोजनाको एक घटना चर्चा गरौँ। सरकारले परम्परागतदेखि स्थानीय मगर समुदायको अधिनत्वमा रहेको जमिनमा कबुलियती वन परियोजना स्थापना गऱ्यो। यस परियोजनाले औपचारिकरूपमै त्यो जमिनमाथि मगर समुदायको भोगाधिकार खोस्यो। उनीहरूलाई आफ्नो परम्परागत भोगाधिकार खोसिएको जानकारीसमेत दिइएन। यस परियोजनाले परम्परादेखि चल्दै आएको खोरिया अभ्यास बन्द भएको छ। खोरिया पूजा हुन छाडेको छ र देवचुलीमा रहेको गरङ्चा पनि अहिले देखिँदैन।

अध्ययनका क्रममा उनीहरूसँग गरिएको छलफलअनुसार यो परियोजना ४० वर्षका लागि सुरु भएको छ। प्रगतिका आधारमा अझ ४० वर्ष थप गर्न सकिने भनिएको छ। आफूहरूको जमिन त्यसरी खोसिएकोप्रति सल्लाह नगरेको, केही जानकारी नदिएकोप्रति उनीहरू आक्रोशित छन्।

यसरी त्यस क्षेत्रको स्थानीय जनजाति समूहले वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनको अधिकारबाट उनीहरूलाई वञ्चित गराइएको छ। सरकारी कार्यक्रममार्फत उनीहरूलाई केही जानकारी नदिई र कुनै पनि विकल्प नदिई जमिन खोसिनु अन्याय त हुँदै हो यो झन् गम्भीर प्रकृतिको भूमि अतिक्रमण हो।

४.९ सामाजिक र धार्मिक संस्थाका नाममा हुने भूमि अतिक्रमण

सन् २०१२ अगस्ट ३ मा पतञ्जली योग पीठले जग्गा बेचेको सन्दर्भमा एक राष्ट्रिय दैनिकले समाचार प्रकाशित गऱ्यो। यो घटना प्रचलित हिन्दु धर्मगुरु/योग गुरुसँग सम्बन्धित भएकाले आश्चर्यजनक थियो।

भारतीय योग गुरु स्वामी रामदेवद्वारा स्थापना गरिएको काभ्रे जिल्लामा रहेको पतञ्जली योग पीठले २४३ रोपनी जमिन बेचेको छ। यो योग पीठ स्थापना गर्दा पनि सरकारी नियम कानुन उल्लङ्घन भएको थियो नै। यसले आयुर्वेद शिक्षण अस्पताल, योग केन्द्र, वृद्धाश्रम, अनाथालय, जडीबुटी अध्ययन केन्द्र, योग विद्यालयलगायत स्थापनाका लागि ८१० रोपनी जमिनमा कर छुट माग गरेको थियो। सरकारले त्यो जग्गा पुनः नबेच्ने सर्तमा जमिनको हदबन्दीमा छुट दिएको थियो। स्वामी रामदेवको पछिल्लो नेपाल भ्रमणका बेला, सरकारले यो सर्त पुनरावलोकन गरेको छ। यसबमोजिम योग पीठले जग्गा बेच्न पाउने र प्राप्त रकमले पाँच वर्षभित्र अन्य स्थानमा जग्गा खरिद गर्नुपर्ने व्यवस्था गरिदियो।

योग पीठका नेपाल प्रमुख शालिग्राम सिंहले पतञ्जली योग पीठले नासिकास्थानको साँगास्थित उक्त जमिन साँघुरो भएकाले बिक्री गरेको दाबी गरेका छन्। सिंहका अनुसार अबको योजना जमिन खरिद गरी आयुर्वेद शिक्षण अस्पताल स्थापना गर्ने छ।' तर स्थानीयको भनाइ भने योग पीठले सरकारी नियमको सहायतामा कम मूल्यमा लिएको जग्गा बढीमा बिक्री गरेको हो। नासिकास्थान गाविसका बासिन्दासँग योग पीठले कम मूल्यमा जग्गा खरिद गरेको थियो। स्थानीयले गाउँको विकासमा केही सहयोग गर्ला भनेर योग पीठलाई जग्गा बिक्री गरेका थिए। तर त्यो हुन सकेन उल्टै योग पीठले बढी मूल्यमा जग्गा बिक्री गऱ्यो।

रिपब्लिका दैनिकमा सन् २०१२ अगस्ट ३ मा छापिएको एक समाचारअनुसार योग पीठले बेचेको उक्त जमिनमा एक हाउजिङ कम्पनीले ८०० अपार्टमेन्ट निर्माण गर्ने भएको छ।

यस अध्ययनका क्रममा उक्त ठाउँमा पुगेको अध्ययन टोलीले स्थानीयसँग छलफल गर्दा उनीहरूका लागि यो भू-माफियाहरूले गर्ने जस्तै 'प्लटिङ व्यवसाय' भएको बताए। योग पीठले स्थानीयलाई धोका दिएको उनीहरूको बुझाइ छ। स्थानीयले स्वामी रामदेव जस्तो धर्मगुरुले यस्तो काम गर्लान् भन्ने नसोचेको पनि बताए। यस्तै अर्को उदाहरण छ, मालपोत कार्यालय कलङ्कीको आ.व. २०६७/६८ को प्रतिवेदनअनुसार मालपोतले २०६७ जेठ २१ मा काठमाडौंको डाँडापौवामा नारायणप्रसाद पण्डित स्मारक प्रतिष्ठान निर्माणका लागि १.१२ हेक्टर (२२ रोपनी) जमिन दिएको देखिन्छ। यसरी धार्मिक उद्देश्यका लागि पनि जमिन हडप्ने र उद्देश्यभन्दा फरक काममा उपयोग गर्ने क्रम पनि बढ्दो छ।

सेतो पाटी अनलाइन खबर २०१३ का अनुसार छालिङ, भक्तपुरको सामुदायिक वनको ५.४४ हेक्टर जमिन श्री अखण्ड महालक्ष्मी धार्मिक वनका नाममा वन क्षेत्रमा परिणत गरिएको छ। उक्त जमिनमा गुरु कमलनयनाचार्यको आश्रम बनाउने भनिएको थियो। स्थानीयका अनुसार आश्रमले केही सार्वजनिक जमिनसमेत आफ्नो पक्षमा पारेको छ। अहिले यो क्षेत्र निजी प्रयोजनमा प्रयोग भइरहेको छ। यस्ता प्रवृत्तिले सार्वजनिक जमिनमा स्थानीयले गर्ने विभिन्न प्रयोजनमा पनि असर पुगेको छ।

विभिन्न अध्ययनअनुसार यी घटना हाम्रो देशको सन्दर्भमा हुने विशेष प्रकारका भूमि अतिक्रमणका उदाहरण हुन्।

४.१० निजी क्षेत्रले गर्ने भूमि अतिक्रमण

निजी क्षेत्रको मुख्य उद्देश्य भनेको नाफा वृद्धि गर्नु हो । उद्योग, जमिन प्लटिङ, हाउजिङ कम्पनी आदि यस क्षेत्रभित्र पर्छन् ।

४.११ उद्योगले गरेको भूमि अतिक्रमण

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र तथा खाद्य, कृषि र जल अधिकार सञ्जालको सहकार्यमा भएको अध्ययन, २०१३ का अनुसार नेपालको मध्य तराईको बारास्थित सिमरा-३ मा निर्माण भएको जगदम्बा स्टिल र हुलास स्टिल जस्ता दुई प्रमुख उद्योगले सन् २००८ भन्दा अघिसम्म कृषि उत्पादन भइरहेको ३३ हेक्टर (करिव ५० बिघा) जमिन ओगटेको देखाएको छ। यी दुई उद्योगले बलजफ्तीरूपमा वर्षौंदेखि खेती गर्दै आइरहेका किसानलाई बेदखल गरेका थिए। सोही अध्ययनअनुसार धादिङ जिल्लाको नौबिसे गाविसमा २०४ उद्योग दर्ता भएको छ जसमध्ये १० उद्योगमात्र सञ्चालनमा छन् । यी उद्योगले पनि ठूलो मात्रामा भूमि अतिक्रमण गरेका छन् ।

धादिङ, नौबिसेको केपी (KEPY) सिमेन्ट उद्योग सन् २००७ मा स्थापित हुँदा यसले नेपालकै सीमान्तकृत मानिएको दनुवार समुदायलाई विस्थापित गऱ्यो। यस उद्योगले १०.२ हेक्टर (२०० रोपनी) जमिन ओगटेको छ। उक्त जमिनमा दनुवार समुदायले तरकारी खेती गरी जीविका चलाइरहेका थिए। उद्योगले एकदम कम मूल्य (प्रतिरोपनी ६०,००० रूपियाँ) मा उनीहरूको जग्गा खरिद गरेको थियो। अहिले उक्त जमिनको मूल्य आकासिएको छ र विस्थापितहरूले खरिद गर्न सम्भव छैन। अहिले ती समुदाय भूमिहीन भए र उद्योगले दिने भनेको रोजगारी पनि पाएका छैनन् ।

माथि चर्चा गरिएझैं घटना देशका विभिन्न स्थानमा व्याप्त छन् । सन् १९६४ को भूमि सुधार अभियानपश्चात वाचा गरिएजस्तो उपलब्धि प्राप्त नभए पनि ठूलो परिमाणमा जमिन ओगटेर बसेकाहरूको हदबन्दीभन्दा बढीको जमिन उद्योग व्यवसायका नाममा दर्ता गरिए। यसले किसान, भूमिहीनलाई केही फाइदा गरेन ।

यस्ता उद्योगले हडपेका थुप्रै जमिन बाँझो छाडिएका छन् । केही सञ्चालनमा रहेका उद्योगबाहेक विभिन्न कारणले बन्द हुन पुगेका उद्योगका जमिन पनि प्रयोजनहीन अवस्थामा छ। यस्ता जमिन न कुनै उत्पादनका लागि खेतीमा प्रयोग गरिएको छ न त कुनै गैरकृषि प्रयोजनामा नै प्रयोग भएको छ। यस्तो प्रवृत्तिले बाँझो रहन गएको जमिनले उत्पादनमा नकारात्मक प्रभाव परिरहेको छ।

यहाँ नेपालमा सञ्चालित केही उद्योग र यी उद्योगले ओगटेका जमिनको अवस्था उल्लेख छ :

तालिका ३ : उद्योगले ओगटेको जमिन

क्रम. सं	उद्योगको नाम	जिल्ला	जमिनको क्षेत्रफल विगाह
१.	बहुमुखी कृषि फार्म प्रा. लि.	मोरङ	७३–२–८
२.	मोरङ क्यानिङ कम्पनी प्रा. लि.	झापा	१०६–६–१२
३.	मोरङ सुगर मिल लि.	मोरङ	५४६–१०–२
४.	गिजारा खाडसारी मिल्स प्रा. लि.	नेपालगञ्ज	१८०–०–०
५.	सुगाफलरस कार्यालय	झापा	११६–३–१२
६.	महावीर कृषि उद्योग	धनकुटा	३२३–०–३
७.	राधेपुर फार्म	नेपालगञ्ज	७५–२–१६
८.	हिमाली कृषि उद्योग	धनकुटा	४६८–६–९–०
९.	रिजाल क्यानिङ कम्पनी प्रा. लि.	सुनसरी	५५–२–७
१०.	कञ्चनजङ्घा अर्लैंची फार्म प्रा. लि.	ताप्लेजुङ	६५८–५–१–१
११.	गीता फलोदान फार्म प्रा. लि.	नुवाकोट	१२५७–१२–२–१

१२.	उत्तरबाहिनी अग्ले थुम्की फलफूल उद्योग	धनकुटा	४६६–१२–२
१३.	उत्तरपानी बहुउद्देश्य कृषि फार्म	धनकुटा	११५९–११–०
१४.	साङ्ग्रिला बहुउद्देश्य कृषि फार्म	तेह्रथुम	३६७–६–३
१५.	हिमालय चिया बगान तथा कृषि प्रा. लि.	झापा	५७६–६–७
१६.	गिरीबन्धु चिया बगान	झापा	३८१–१४–१०
१७.	खतिघट्टा चिया बगान	झापा	२५५–१८–८
१८.	सञ्जीवनी व्यवसाय प्रा. लि.	झापा	७८–५–५
१९	बुधकरन र सनस टि कम्पनी प्रा. लि.	झापा	२६६–८–२
२०.	मित्तल चिया बगान प्रा. लि.	झापा	४५५–१७–४

स्रोत : रुद्रमणि शर्मा, उद्योगले ओगटेको जमिन र जमिनको हदबन्दीसम्बन्धी प्रतिवेदन

यस्ता कतिपय उद्योगले उद्योग सञ्चालनपूर्व स्थानीयबासीलाई रोजगारी दिने निश्चित गरे तापनि त्यो कार्यान्वयनमा आउन सकेको छैन।

४.१२ अन्य प्रकारका भूमि अतिक्रमण

माथि उल्लेख भएकाबाहेक पनि धरै प्रकार र प्रकृतिका भूमि अतिक्रमण हुने गरेका छन्। उदाहरणका लागि धेरै जमिन हुनेले ती जमिन आफ्ना परिवारका विभिन्न सदस्यका नाममा राखी लुकाउने प्रवृत्ति पनि देखिएको छ। अझ कतिले त झुटो सम्बन्ध विच्छेदको नाटकसमेत गर्ने र जग्गा आफ्नो स्वामित्वमा नै कैद गरिराख्ने गरेको पाइन्छ। यस्तो प्रवृत्तिबाट पनि कतिपय व्यक्तिले हदबन्दीभन्दा बढी जमिन आफ्नो अधिनत्वमा लिने गरेका छन्। यसले उत्पादनमा ह्रास आउनुका साथै खाद्य सुरक्षा र गरिखाने किसानको पहुँचबाट भूमिलाई टाढै राख्न मद्दत गरेको छ।

अध्ययनबाट के पनि देखियो भने केही जमिनदारले राजनीतिक प्रभाव र सम्बन्ध प्रयोग गरी सरकारी कर्मचारीलाई आफ्नो पक्षमा पार्ने वा कसैलाई आवश्यक परे राजनीतिक दबाब दिएर पनि सार्वजनिक जमिनलाई निजी जमिनमा परिणत गरी दर्ता गरेका उदाहरण छन्। यसरी सार्वजनिक स्रोत तथा सम्पत्तिमा सर्वसाधारणको अधिकार कटौती गरिएको छ।

भूमि अतिक्रमणको विभिन्न प्रकृतिमध्ये अर्को एक फरक प्रकृति पनि सुर्खेतमा पाइयो। सुर्खेतकी एक महिलाले श्रीमानको मृत्युपछि पैतृक सम्पत्तिको एक हिस्सा पनि पाइनन्। आफ्नो जमिन नभएपछि उनी एउटा सानो बुकुरो (छाप्रो) मा बसिरहेकी छिन्। उनको सबै सम्पत्ति आफन्त (भतिजो) ले हडपेका रहेछन्। श्रीमान्को मृत्युपछि जमिनको हकदार उनी आफैँ हुने भए पनि त्यस्तो प्रक्रियाबारे केही जानकारी नुहँदा उनी अन्योलमा छिन्। यसमा उनको न्यायका लागि स्थानीयले पनि केही सहयोग गर्न सकेका छैनन् भने उनी आफूलाई त अदालती प्रक्रियाबारे केही जानकारी नै नभएकाले अदालतबाट अधिकार दाबी गरी लिन सकेकी छैनन्। यसबाट उनले ठूलै समस्या भोग्नु परिरहेको छ। परिवारका अन्य सदस्यले पैतृक सम्पत्ति अखण्डित राख्नका लागि उनलाई बेदखल गरिएको रहेछ। 'सम्पत्ति प्राप्त गरेपछि अर्कैसँग विवाह गरेर गइन् भने के हुन्छ भन्ने खराब मानसिकता उनका भाइ/भतिजामा पर्न गएकाले उनी आफ्नो सम्पत्ति अधिकारबाट वञ्चित हुन पुगेकी छिन्।

परिवार नछुट्टिएको अवस्था र सम्पत्तिको कानुनी कागजपत्र नभएको खण्डमा प्रायःजसो एकल महिलाको सम्पत्तिमाथिको अधिकार यसरी खोसिइरहेको छ।

४.१३ भूमि अतिक्रमण, विभिन्न प्रकार, प्रत्यक्ष उदाहरण

अघिल्ला परिच्छेदमा प्रस्तुत गरिएका विभिन्न घटनाबाट के स्पष्ट हुन्छ भने नेपालमा भूमि अतिक्रमणको कुनै एउटा निश्चित प्रकार र प्रवृत्ति छैन। भूमि अतिक्रमणका विभिन्न प्रकार र प्रवृत्ति भएकाले नै यसले निम्त्याउने प्रभाव पनि बेग्लाबेग्लैखालका हुन्छन्। त्यसैले यस्ता विभिन्न प्रभाव नियन्त्रण र निरुत्साहित गर्न पनि बेग्लाबेग्लै विधि अपनाउनुपर्ने हुन्छ। विभिन्न उदाहरणले देखाएको भूमि अतिक्रमणका प्रकृतिका आधारमा नेपालमा भइरहेका भूमि अतिक्रमणलाई वर्गीकरण गर्न सकियो भने यसको विस्तृत स्वरूप बुझ्न सजिलो हुन्छ।

भूमि अतिक्रमणलाई यसले स्थानीयको जीवनस्तर र जीविकोपार्जनमा पार्ने नकारात्मक प्रभावका आधारमा ७ प्रकारमा वर्गीकरण गर्न सकिन्छ। यो भूमि अतिक्रमणहरूको आधिकारिक वर्गीकरण भने होइन तर यही अध्ययनका आधारमा निर्धारण गर्न आवश्यक देखिएको हो।

१. सरकारको संलग्नतामा हुने भूमि अतिक्रमण

राज्यद्वारा विगतमा दिइएका बिर्ता तथा जागिर जस्ता भू-व्यवस्था, सुरक्षा बलहरूले कब्जा गरेको जमिन, गुठी, रेडियो नेपाल, कपास विकास समितिलगायतका सरकारी सङ्घ/संस्था, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्र विस्तार/विकास गर्दा स्थानीयबासीलाई पर्याप्त जानकारी नै नदिई र आवश्यक परामर्शसमेत नगरी बसोबासस्थानबाट विस्थापित गरिन्छ। प्रभावित किसानको अधिकारलाई बेवास्ता गरी उनीहरूलाई उचित क्षतिपूर्ति पनि दिइँदैन।

गुठी जमिनको हकमा, जुन उद्देश्यले त्यस्ता जग्गा राखिएको हो त्योअनुरूप जमिनको उपयोग भएको देखिँदैन। यस कारण पनि वर्षौंदेखि त्यस्ता जमिनमा जोतखन गरिरहेका जोताहा किसानले त्यस्तो जमिनको पूर्ण स्वामित्व माग गरिरहेका छन्।

यसरी हरेक प्रकृति र ढाँचाबाट भइरहेको भूमि अतिक्रमण र यसको प्रभावबारे सार्वजनिकरूपमा जानकारीहरू सर्वसाधारणमा फैलाउँदा यस्ता जमिन वास्तविक किसानबाट हडपेर कुन प्रयोजनका लागि प्रयोग भइरहेका छन् भन्ने थाहा हुन्छ। यस्ता विषयमा सरोकारवालाहरूको पनि चासो बढ्नेछ। केही राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्रले स्थानीयबासीको स्रोतमाथिको परम्परागत अधिकार र पहुँच पनि बेवास्ता गरी कटौती गरेका छन्।

२. केही उद्योग तथा रियल स्टेटहरूले गरेका भूमि अतिक्रमणले विस्थापित स्थानीयहरूको परम्परागत पेशालाई पनि खतराको घेरामा धकेलेको छ। यी उद्योगले किसानहरूसँगै जमिन खरिद गरेको भए तापनि उनीहरूको जीवनस्तरमा र यस्ता उद्योगले वातावरणमा पार्न सक्ने नकारात्मक असरबारे उनीहरूसँग कुनै छलफल नै गरिएको पाइँदैन। वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने क्रममा सरकारी अधिकारीहरूले उद्योग स्थापना गर्ने वरपर घर र कार्यालय भए/नभएको र तिनलाई के/कस्तो असर पर्छ भन्ने विषयमा मात्र हेरिएको तर त्यसले भूउपयोग, कृषि, मानव स्वास्थ्य, वातावरण, पानीको मुहान आदिमा पर्ने असरबारे गहिरो अध्ययन गरेको देखिँदैन। अध्ययनका क्रममा यस्ता उद्योगले स्थानीयसँग जग्गा लिनुभन्दा पहिला उनीहरूलाई उचित रोजगारी प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे पनि त्यो पूरा नगरेको देखिएको छ।

३. विश्वविद्यालय, क्याम्पस, पोलिटेक्निक विद्यालय जस्ता शैक्षिक क्षेत्र स्थापनाले पनि सार्वजनिक जमिनलाई निजी स्वामित्वमा राख्न मद्दत गरेको देखिन्छ। केही अवस्थामा यस्ता क्षेत्र स्थापनाले व्यक्तिगत दाताहरूबाट हदबन्दीभन्दा बढी भएका जमिन यी क्षेत्रको प्रयोजनका लागि प्रदान गरिएको छ तर यस्ता जमिन उत्पादनका दृष्टिले राम्रो हुने भए पनि ती बाँझै राखिएका छन्। यसले खाद्य उत्पादनमा ह्रास ल्याएको छ।

सामुदायिक वन तथा कबुलियती वन परियोजना जस्ता कार्यक्रमले स्थानीय आदिबासीको स्रोतमाथिको अधिकार खोस्नुका साथै उनीहरूको जीवस्तरमा पनि नकारात्मक प्रभाव पारिरहेका छन्। यस्ता परियोजनाले स्थानीय आदिबासीले पुस्तौंदेखि उपभोग गर्दै आइरहेका स्रोतमाथिको परम्परागत अधिकार उनीहरूबाट खोसिएको अवस्था छ। आइएलओ १११ र १६९ ले आदिबासीहरूको स्रोतमाथिको परम्परागत अधिकारबारे बोले पनि सामुदायिक वन तथा कबुलियती वन परियोजना जस्ता कार्यक्रमले उनीहरूको परम्परागत अधिकारलाई बेवास्ता गरिरहेकै छन्।

४. राजनीतिक दलहरू विशेषगरी तत्कालीन नेकपा माओवादी र केही जातीय सङ्गठनहरूले मुलुकको विभिन्न क्षेत्रमा भूमि अतिक्रमण गरिरहेका छन्। नेकपा माओवादीले द्वन्द्वकालमा विभिन्न स्थानमा जमिन कब्जा गरेको थियो। माओवादीले व्यक्तिगत मात्रै नभई सार्वजनिक तथा केही संस्थानको जमिन पनि कब्जा गरेका थिए। यस्तो कब्जा गरिएको जमिन माओवादी शान्ति प्रक्रियामा आइसकेपछि पनि जसको जमिन कब्जा गरिएको थियो तिनलाई फिर्ता गरिएको छैन। उनीहरूले जुन उद्देश्यका साथ गरिब भूमिहीन सुकुम्बासीलाई वितरण गर्ने भन्दै जमिन कब्जा गरेका थिए त्यो पनि गरिएको छैन। पछिल्ला समयमा पनि देशको पूर्वी भागमा विभिन्न जातीय सङ्गठनले धार्मिक स्थलहरूका नाममा जमिन कब्जा गर्ने क्रम बढेको छ। राज्यले आफ्ना नागरिकको सम्पत्तिको उचित सुरक्षा गर्न सकिरहेको छैन।

५. राजनीतिक सम्बन्ध तथा प्रभाव प्रयोग गरी विभिन्न ट्रस्ट तथा प्रतिष्ठानले विभिन्न राजनीतिक दलका नेताका नाममा आफ्नो राजनीतिक पहुँच बढाउनका लागि राज्यबाट जमिन लिएका छन्। यस्ता जमिन पनि बाँझै छाडिएको छ। यी जमिन खेतीयोग्य हुँदाहुँदै पनि खेती गरिएको छैन, उद्देश्यबमोजिम उपयोग पनि गरिएको छैन। यस्ता गतिविधिले उत्पादनयोग्य जमिनलाई अनुत्पादक कार्यमा कब्जा गरेर राखेको स्पष्ट हुन्छ। यस्तो विषयमा सरकारले पनि अनुगमन गरेको पाइँदैन।

६. बहुराष्ट्रिय कम्पनीहरूले ठूलो सङ्ख्यामा जमिन हडपेर खाद्य सुरक्षामा नकारात्मक प्रभाव पारेका छन्।

७. सबैभन्दा रोचक उदाहरण पतञ्जली योग पीठकै देखियो। योग पीठले स्थानीयसँग कम मूल्यमा जमिन खरिद गरी उच्च मूल्य लिई हाउजिङ निर्माण कम्पनीलाई बिक्री गरेको छ। यस्तो कार्यमा सरकारले पनि साथ दिएको देखियो। यस्तो कार्यको स्थानीयबासीले विरोध पनि गरेका छन्।

यसरी हामीकहाँ हुने गरेको र भइरहेका भूमि अतिक्रमणका घटनालाई फराकिलोरूपमा वर्गीकरण गरी विश्लेषण गर्न आवश्यक छ। यसका साथै यस्ता घटनाले किसानको अधिकार, खाद्य सुरक्षा तथा वातावरणमा पार्ने प्रभाव तथा असरका आधारमा पनि विश्लेषण गरिनु जरुरी छ।

तालिका ४ : अध्ययन निष्कर्षको सङ्क्षेपीकरण

क्षेत्र	अतिक्रमणका कारक तत्व	घटना	प्रभाव
राज्य	बिर्ता र जागिर	अभिलिखित तथ्याङ्क	जमिनको असमान वितरण र यसका कारण हालसम्म समाजमा असमानताको वृद्धि, किसानको भू-स्वामित्वको बेवास्ता गरी आफ्नो बसोबासस्थानबाट उनीहरूको बेदखली
	राष्ट्रिय निकुञ्ज र आरक्षण क्षेत्र	चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज आदि	स्थानीयको स्रोतमाथिको परम्परागत अधिकारको हनन्, असुरक्षित बसोबास र जीविकोपार्जन, बेलाबेला बस्ती उठिबास र बेदखली
	जलविद्युत् एवम् ठूला विकास परियोजना	काली गण्डकी र मध्य मर्स्याङ्गदी जलविद्युत् परियोजना	आदिबासी जनजातिलाई जमिनको स्वामित्वबाट बेदखली, विस्थापन, खाद्य अधिकारको हनन् र असुरक्षित जीविकोपार्जन
	सुरक्षा बल	द्वन्द्वकालका राष्ट्रिय सुरक्षा बल	सार्वजनिक जमिनमाथिको पहुँचबाट बेदखली, केही जमिन फिर्ता गरिए पनि अझै थुप्रै स्थानमा उही अवस्था रहेको
	व्यावसायिक कृषि विकास	कपास विकास समिति बर्दिया, पूर्वी भागका चिया बगान	भू-स्वामित्व अधिकार पहिचान नभएको
	विकासमूलक गतिविधि	रेडियो नेपाल, सुर्खेत	स्थानीय किसानको अधिकार पहिचान नभएको, विस्थापन, जमिन लामो समयसम्म बाँझो रहेको र खाद्य असुरक्षा बढेको अवस्था
संस्था	गुठी	दैलेख र धनकुटालगायतमा	स्थानीय किसानको अधिकार पहिचान नभएको, उत्पादनमा कमी, उत्पादन वृद्धिका लागि भूमि सुधारमा लगानीको काम, जमिनको उचित उपयोगमा कमी, संस्थाले न्युन मात्रामा लाभ प्राप्त गरिरहेको
	शैक्षिक संस्था स्थापना	दाङ, रौतहट, सहारे आदि	स्थानीय किसानको अधिकार पहिचान नभएको, असुरक्षित जीविकोपार्जन
	ट्रस्ट तथा फन्ड	सरकारी प्रतिवेदन	सार्वजनिक जमिन विभिन्न राजनीतिक ट्रस्ट तथा फन्डहरूलाई दिइएको र उल्लिखित उद्देश्यबमोजिम जमिनको उपयोग नभएको, यी जमिन खेलकुद मैदान, गाईवस्तु चर्ने ठाउँ हुने गर्थे।
	सामुदायिक वन र कबुलियती वन परियोजना	सुर्खेत, मकवानपुर, नवलपरासी	आदिबासी जनजातिलाई सामुदायिक वनले जमिनको स्वामित्वबाट बेदखल गरेको, विस्थापन, खाद्य अधिकार र स्रोतमाथिको परम्परागत अधिकारको हनन् र असुरक्षित जीविकोपार्जन
	धार्मिक समूह	काभ्रे र भक्तपुर	विभिन्न निजी उद्देश्यका लागि सार्वजनिक जमिन कब्जा गरी नाफामूलक गतिविधि सञ्चालन

निजी क्षेत्र	उद्योग	दाङ र काठमाडौका सिमेन्ट उद्योग	आदिबासी जनजातिको बलजफ्ती विस्थापन, जीविकोपार्जनका अवसरहरूबाट बेदखल, प्रदूषण
	होटल, रिसोर्ट, पर्यटकीय व्यवसाय	हात्तीवन, गोकर्ण	स्थानीयलाई सार्वजनिक जमिनमाथिको पहुँचबाट बेदखली, असमान लाभ बाँडफाँट
	प्लटिङ		विस्थापन, भूमि अधिकारको उल्लङ्घन, उत्पादनशीलताको बेवास्ता र खाद्य असुरक्षा, वातावरणमा नकारात्मक प्रभाव, असामान्य मूल्य वृद्धि
	सशस्त्र समूह	मुलुकका विभिन्न स्थानबाट	स्थानीय तथा जग्गाधनीको असुरक्षा, भूमि अधिकारको उल्लङ्घन, बाँझो जमिन, उत्पादकत्वको बेवास्ता गरी खाद्य असुरक्षामा वृद्धि
	स्थानीय शक्ति	फिल्ड भ्रमणका बेला सूचकहरूबाट प्राप्त सामान्य जानकारीबाट	स्थानीयबासीको भूमि अधिकार उल्लङ्घन गरी सार्वजनिक जमिनलाई निजी जमिनमा परिणत गरी दर्ता गरिएको

४.१४ भूमि अतिक्रमणका प्रभाव

भूमि अतिक्रमणको निश्चित कारण र प्रभाव छुट्याउन निकै कठिन छ तर एउटै कारणका विभिन्न प्रभाव पनि हुन सक्छन् र विभिन्न कारणले एउटै प्रभाव पनि ल्याउन सक्छन् । यस अध्ययनले प्रस्ताव गरेका भूमि अतिक्रमणका केही सामान्य प्रभाव यसप्रकार छन् :

- प्राकृतिक दृश्यमा नकारात्मक परिवर्तन भएको स्पष्टरूपमा देखियो । यस्तो परिवर्तनको मुख्य कारण ठूला सहरमा फैलिरहेको 'प्लटिङ' व्यवसाय नै हो । यस्तो प्लटिङ व्यवसाय काठमाडौँलगायत देशका सहर बजारमा धेरै भइरहेका छन् । जग्गा दलालहरूले किसानसँग खेतीयोग्य जमिन, वन क्षेत्रको जमिन, भिरपाखोको जमिन कम मूल्यमा लिई जथाभावी प्लटिङ गरी स्थानीय प्राकृतिक भू–बनोट बिगारेका छन् । यसले वातावरणीय क्षेत्रलाई क्षति पुऱ्याइरहेको छ ।
- यो अध्ययनले सहरी र अर्धसहरी क्षेत्रमा कति कृषियोग्य जमिन गैरकृषि क्षेत्रमा परिणत भयो भन्ने नापी गरेको छैन तर पनि ठूलो परिमाणमा कृषियोग्य जमिन गैरकृषि क्षेत्रमा परिणत भएको देखाउँछ । यस्तो कार्यले उत्पादनमा ह्रास पुऱ्याउनुका साथै खाद्य सुरक्षामा नकारात्मक प्रभाव पारिरहेको छ । अध्ययनका क्रममा अर्धसहरी क्षेत्रका मानिससँग कुराकानी गर्दा उनीहरूलाई पहिले आफ्नो उत्पादनले खान पुग्ने थियो तर अहिले खाद्यान्नका लागि बजारमा निर्भर हुनुपरेको बताउँछन् । यसका अन्य कारण पनि हुन सक्छन् तर मुख्यचाहिँ भूमिमाथिको व्यावसायिक दबाब नै हो ।
- कतिपय ठाउँमा सीमान्तकृत आदिबासी जनजाति पुस्तौँदेखि बसोबास गर्दै आएका क्षेत्रमा उनीहरूको परम्परागत भू-स्वामित्व दोहन गरिएको छ । जस्तो, चितवन, मकवानपुर, धादिङ र गोरखाका चेपाङ समुदायको विभिन्न कारणले भू-स्वामित्व खोसिएको छ । उनीहरू पुस्तौँदेखि बसोबास गर्दै आएका क्षेत्र सामुदायिक वन तथा कबुलियती वन परियोजना कार्यक्रमहरूबाट खोसिएको अवस्था छ । सिमेन्ट उद्योगले चुनढुङ्गा निकाल्नका लागि सरकारसँग जमिन भाडामा लिई पुस्तौँदेखि बसोबास गर्दै आएका चेपाङ समुदायलाई बेदखल गरियो ।
- महिलालाई उत्पादनशील स्रोतको पहुँचबाट बेदखल गर्नु पनि भूमि अतिक्रमणको एक मुख्य प्रभाव मानिन्छ । महिलालाई उत्पादनशील जमिनबाट बेदखल गरी उनीहरूको सशक्तीकरणलाई पछाडि धकेलिरहेको छ । अध्ययनअनुसार के देखियो भने अतिक्रमणमा परेको जमिनको क्षतिपूर्तिवापत पाएको केही रकम पनि महिलालाई केही थाहा नदिई पुरुष आफैँ निर्णय गर्छन् । खेती गर्ने, उत्पादन गर्ने कार्यमा महिलाले बढी योगदान गर्छन् तर बेचबिखन गर्ने बेलामा भने पुरुष एक्लै निर्णय गर्छन् ।
- स्थानीय समुदायको प्राकृतिक बासस्थानबाट हुने विस्थापन वा बेदखली पनि भूमि अतिक्रमणको एक गहिरो प्रभाव हो । विभिन्न बाँध निर्माण, जलविद्युत् परियोजना तथा विभिन्न विकासमूलक परियोजनाका साथै आरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्र निर्माणका लागि स्थानीय समुदायलाई विस्थापित गरिएको छ । विस्थापितहरूको जीविकोपार्जनमा पनि असर परेको छ । जस्तै- नारायणीका बोटे माझीहरूको परम्परागत माछा समात्ने र त्यसैबाट जीविका चलाउने अधिकार खोसिएको छ ।
- विभिन्न राजनीतिक दल तथा अन्य सङ्गठनले जमिन कब्जा गर्ने र स्थानीयको बासस्थानबाट बलजफ्ती उठीबासले गम्भीर असर गरेको छ । यस विषयमा अघिल्ला परिच्छेदमा भूमि अतिक्रमणका घटना प्रस्तुत गरिएको छ ।

- औद्योगिक स्थापना, व्यावसायिक कृषि फार्महरूले जमिनको अधिनत्व लिएपछि सीमान्तकृत तथा साना किसानको उत्पादनशील स्रोतमाथिको नियन्त्रण र अधिकार खोसिएको छ। असमान शक्ति बाँडफाँटले शक्तिको नियन्त्रण गर्ने अधिकार केही व्यक्तिमा मात्र सीमित छ। विभिन्न समाजशास्त्रीले शक्ति वा सम्पत्ति यस्तै केही व्यक्तिको अधिनमा सीमित रहँदा बाँकी मानिस गरिबीमा बाँच्न बाध्य छन्। यस्तो अवस्थामा मुलुकको प्रजातन्त्र दिगो हुन सक्दैन।
- भूमि अतिक्रमणका कारण व्यक्तिगत र संस्थागत तहमा भूसम्बन्धी विवाद बढिरहेका अध्ययनले देखाएको छ।
- भूमि अतिक्रमण भ्रष्टाचारको आधार पनि देखिएको छ किनकि यस्तो प्रक्रियामा सरकारी शासन पद्धतिका अनुयायी पनि केही हदसम्म संलग्न देखिएका छन्। माथि उल्लिखित विभिन्न उदाहरणले पनि यसको पुष्टि गरेका छन्। उद्देश्यहीन भूमि अतिक्रमणले भ्रष्टाचार पनि निम्त्याउँछ।
- प्लटिङका कारण आकासिएको जमिनको मूल्यले किसानको अवस्था झन् नाजुक बनाएको छ।
- दाङको सिमेन्ट उद्योग र मोरङको औद्योगिक क्षेत्रले छेउछाउका स्थानीयको जग्गा त हडप्यो नै, उनीहरूको स्वास्थ्यमा पनि नकारात्मक असर पुऱ्याइरहेको छ। भूमि अतिक्रमणले जनताको जीवन र जीविकोपार्जनमा गम्भीर प्रभाव पार्छ। यसले प्रभावित जनताको खाद्य तथा परम्परागत अधिकार मात्र हैन, मावन अधिकारको समेत उल्लङ्घन गर्छ। धेरै अवस्थामा भूमि अतिक्रमणले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको उल्लङ्घन गरी जनताको आर्थिक अधिकार कमजोर बनाउँछ। यसै अभिसन्धिको धारा ११ अन्तर्गतको, खाद्य अधिकार र बसोबास अधिकारको पनि उल्लङ्घन गर्छ। भूमि अतिक्रमणले युएलडिआरआइपीको धारा १० मा उल्लिखित आदिबासी जनजातिलाई उनीहरूको बसोबासस्थानबाट विस्थापन गर्न नपाइने र उनीहरूसँग छलफल नगरी जमिन हडप्न नपाइने, जमिन लिनुपरे उचित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ तर यहाँ त्यस्तो व्यवस्थाको कुनै ख्याल गरेको पाइन्न। आइएलओ १६९ र १११ अनुसार पनि यस्ता अतिक्रमणहरूले आदिबासीको आधारभूत अधिकार जोखिममा पारेको प्रष्ट छ।

नेपालमा हुने वा भइरहेका भूमि अतिक्रमणका घटनालाई विश्वव्यापी भूमि अतिक्रमणका अनुभवसँग तुलना नगरी यहीँकै सन्दर्भमा यस प्रक्रियाले पार्ने र पार्न सक्ने प्रभावका आधारमा विश्लेषण गरिन जरुरी छ। भूमि अतिक्रमणका विभिन्न प्रकृतिले निम्त्याउने प्रभावबारे विश्लेषण गरी यस विषयमा सबैलाई सचेत पार्नु पनि जरुरी देखिन्छ। अध्ययनबाट के देखिन्छ भने केही अवस्थामा भूमि अतिक्रमणको प्रक्रियाले किसानको अधिकार, खाद्य सुरक्षा, बसोबासमा असर जस्ता गम्भीर प्रभाव पनि पारिरहेको छ। यद्यपि यस प्रक्रियालाई पूर्णरूपमा स्थगित गर्न वा रोक्न त सकिँदैन तर यसले स्थानीय समुदायमा पार्ने नकारात्मक प्रभावको न्युनीकरण गर्न भने पक्कै सम्भव छ। यसका लागि एउटैखालको रणनीतिले काम नगर्ने हुँदा विभिन्न तहमा छलफल गरी रणनीति बनाउनु पनि आवश्यक देखिन्छ। जुन नीति यस्ता समस्याबाट उत्पन्न हुने प्रभाव सकेसम्म कम गर्नका लागि स्थानीय सहभागितामै बनाइनुपर्छ।

अध्याय ५

अध्ययनको सार र सुझाव

हामीकहाँ भूमि स्वामित्व, यसको आकार र उत्पादनबीचको सम्बन्ध सधैँ विवादको विषय बन्दै आएको छ। अध्ययनका आधारमा के भन्न सकिन्छ भने भूमि अतिक्रमण दुई समूहबीचको लेनदेन वा ठेक्कापट्टामा मात्र होइन, यसले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र पर्यावरणमा समेत गम्भीर प्रभाव पार्छ। विभिन्न क्षेत्रबाट सङ्कलन गरिएका सान्दर्भिक अध्ययनले भूमि अतिक्रमण विवादित र गम्भीर विषय भएकाले यसलाई परिभाषित गर्न आवश्यक छ।

'ठूलो परिमाणमा जमिन हडपेर स्थानीयबासीलाई विस्थापित गरी उनीहरूको प्राकृतिक स्रोतमाथिको अधिकार हनन् गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनी परिभाषित गरिन्छ।

यो परिभाषा र प्रयोगसिद्ध घटना अध्ययनले भूमि अतिक्रमण विभिन्न समयमा विभिन्न ढाँचा र प्रकृतिमा हुँदै आएको पुष्टि गर्छ। यसले भूमि अतिक्रमणको प्रक्रिया थप जटिल हुँदै गएको देखिन्छ। यसका लागि विभिन्न क्षेत्रमा भइरहेको भूमि अतिक्रमण र तिनका ढाँचा र प्रकृतिबारे विस्तृत अध्ययन गर्नुपर्छ। यस अध्ययनले भूमि अतिक्रमणका सम्भाव्य ढाँचा तथा प्रकृति निर्दिष्ट गरी भविष्यमा यस्ता अध्ययनका लागि एक सहयोगी सामग्रीका रूपमा काम गर्नेछ। भूमि अतिक्रमण विभिन्न ढाँचा र प्रकृतिको हुने गर्छ र यसको प्रभाव पनि विभिन्न किसिमका हुन्छन्। कुनै भूमि अतिक्रमणको प्रभाव ज्यादा नकारात्मक हुन्छ। त्यसैले भूमि अतिक्रमणको प्रक्रियालाई यसले जैविक परिस्थिति, वातावरण, खाद्य सुरक्षा, मोही अधिकार, महिला अधिकार र जलवायु परिवर्तनमा पार्ने प्रभावका आधारमा निर्धारण गरिनुपर्छ। प्रभाव विश्लेषणका साथै भूमि अतिक्रमणलाई सम्बोधन गर्ने रणनीति पनि सान्दर्भिक हुनुपर्छ।

सम्पूर्ण भूमि अतिक्रमणलाई एउटै वर्गमा राखेर हेर्न मिल्दैन। विभिन्न किसिमका भूमि अतिक्रमणको भिन्नै प्रकृति तथा बुझाइ हुन्छ र समुदायमा पनि भिन्नाभिन्नै प्रभाव परिरहेको हुन्छ। त्यसैले भूमि अतिक्रमण आफैँमा एक नकारात्मक अनुमान भए तापनि सबै आचरणका लागि एकैखालको कारबाही उपयुक्त नहुन सक्छ। केही अवस्थामा कुनै किसिमका भूमि अतिक्रमण पूर्णरूपमा रोक्न सकिँदैन त्यसैले यस्तो अवस्थामा यसले गरिब र सीमान्तकृत किसानमा पार्ने नकारात्मक प्रभाव न्युनीकरणतर्फ ध्यान दिनु जरुरी हुन्छ। भूमि अतिक्रमणले देशको खाद्य सुरक्षामा कत्तिको नकारात्मक असर पुऱ्याउँछ भन्ने विवरण बाहिर आउन बाँकी नै छ। यद्यपि तीव्र गतिमा बढिरहेको भूमि अतिक्रमणलाई निरुत्साहित, व्यवस्थित र निषेधित गर्नका लागि ठोस कदमहरू सम्बन्धित निकायबाट चाल्नु आवश्यक देखिन्छ। यस्तो अभियान सरकार, दातृ संस्था, नागरिक समाज, अधिकारमुखी जनसङ्गठन्, किसानलगायतको संयुक्त सहभागितामा हुनुपर्छ। सबै क्षेत्रको पर्याप्त सहयोग र विकेन्द्रित भूमि प्रशासन, सामुदायिक भूमि सुधार कार्यक्रमहरूले भूमि अतिक्रमणको धेरै समस्या समाधान गर्न सक्छन्। हालसम्म योजनाकर्ता तथा नीतिगत निर्णयकर्ताहरूको भूमि अतिक्रमण र यससम्बन्धी सवालहरूमा ध्यानाकर्षण भएको छैन। यसलाई सरकारद्वारा निर्मित उच्चस्तरीय भूमि आयोगका दुई प्रतिवेदनले प्रमाणित गर्छन्। जसमा भूमि अतिक्रमणसम्बन्धी कुनै पनि सवाल समावेश गरिएको देखिँदैन। गरिबको हितविपरित र खाद्य सुरक्षा सुनिश्चित नगर्ने भूमि तथा कृषि सुधार वा यसमा गरिएको लगानी दिगो हुन सक्दैन। यसले असमान शक्ति संरचनालाई बढावा दिने काम गर्छ।

यस अध्ययनको निष्कर्षले पनि स्थानीय तहमा भइरहेको भूमि अतिक्रमणलाई सावधानीपूर्वक विश्लेषण गर्न जरुरी छ। भूमि अतिक्रमणको दिगो प्रभावबारे कतै पनि सोचिएको पाइन्न। हामीले सङ्कलन गरेका विभिन्न घटना अध्ययनमध्ये एउटामा पनि स्थानीयबासीको उचित सहभागिता र त्यसका लागि व्यवस्थित नियम भएको पाइएन।

वैदेशिक लगानीका लागि स्पष्ट नीति रहेर त्यसमा सरकारको सहमति भए तापनि भूमिमा कुनै उल्लेखनीय लगानी भएको छैन। तर भविष्यको सम्भावनालाई भने नजरअन्दाज गर्न मिल्दैन। तसर्थ यदि सरकारले कस्तो किसिमको वैदेशिक लगानी ग्रहण गर्ने भन्नेबारे स्पष्ट नीति बनाउन चाहेको खण्डमा ती लगानीले उत्पादकत्व वृद्धि गर्नुका साथै जोताहा र कृषि श्रमिकमा न्यायोचित लाभ बाँडफाँटको सुनिश्चितता गर्नु अत्यावश्यक छ।

हदबन्दीभन्दा माथिको जमिन कानुनी प्रक्रियाबाट नै लिनेहरूले उल्लेख गरिएको उद्देश्यअनुरूप उपयोग नगरी उनीहरूले यस्ता जमिन नाफामुखी क्रियाकलापका लागि प्रयोग गर्दै आइरहेका छन्। सरकारी तवरबाट यस्ता भूमि अतिक्रमणको अनुगमन गरेको पाइन्न। एक प्रकारले भन्ने हो भने यसबाट भूमि अतिक्रमणलाई नै प्रश्रय पुगिरहेको छ। राजनीतिक दलका नेता र सङ्गठनहरूको संलग्नताले पनि यस्ता कार्यमा बढावा दिइरहेका छन्। अर्कोतर्फ ब्याङ्किङ क्षेत्रहरूले पनि भविष्यमा हुने मूल्य वृद्धिको परिकल्पना गरी भूमिमा लगानी अझ बढाइदिएका छन्। अझ भन्नुपर्दा सरकारको लाचारीपन, अस्पष्ट नीति र उचित अनुगमन अभाव, नीति क्षेत्रको बढ्दो विकासले भूमि अतिक्रमणले बढावा पाइरहेका छन्।

त्यसकारण, साना किसान र सिङ्गो मुलुककै खाद्य सुरक्षा, किसानको अधिकार, कृषियोग्य जमिनको संरक्षणका लागि गैरकृषि प्रयोजनतर्फ भइरहेका भूमि अतिक्रमण निषेधित गरिनु जरुरी छ। यस्ता भूमि अतिक्रमणबाट हुने जैविक परिस्थिति, वातावरण र मौसम परिवर्तनमा पार्ने प्रतिकूल प्रभावहरूबारे अध्ययन गरी यस्ता विषयमा आममानिसमा जानकारी गराउनु आवश्यक छ।

५.१ सुझाव

अध्ययन गरिसकेपछि यसबाट देखिएका राम्रा तथा नराम्रा कुरालाई सुझावका रूपमा बाहिर ल्याउनु आवश्यक हुन्छ। जुन यस परिच्छेदमा उल्लेख गरिनेछ।

नेपालमा भूमि अतिक्रमण पछिल्लो समयमा व्यापक भइरहेको छ। यसलाई न्यनीकरण गर्नैपर्छ। र, यो एक भिन्न प्रक्रिया भएकाले पनि यसलाई सम्बोधन गर्न एउटैखालको विधि उपयुक्त कदापि हुँदैन। जुन प्रकृतिबाट भूमि अतिक्रमण भएका छन् त्यसैलाई त्यही प्रक्रियाबाट सम्बोधन गर्नुपर्छ।

यहाँ उल्लेख गरिएका सुझाव नीतिगत तहमा मात्र सीमित नभएर सामाजिक न्यायको पक्षमा पनि समावेश गरिएको छ।

सरकार

- हाल तयार भइरहेको राष्ट्रिय भूमि नीतिको मस्यौदामा भूमि अतिक्रमणको सवाललाई उचित ढङ्गबाट सम्बोधन गर्न छुट्टै नीति समावेश गरी भूमि अतिक्रमणका कारण विगतमा भएका र भविष्यमा आउन सक्ने समस्याको समाधान गर्न जोड दिइनुपर्छ।
- राष्ट्रिय भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरी ठूला परिमाणमा हुने भू-अधिनत्वको रोकथाम गरिनुपर्छ। सरकारले राष्ट्रिय तथ्याङ्कको परिमार्जित लगत तयार गर्नका लागि विभिन्न किसिमका भू-उपयोग र भू-अधिनत्वको जानकारी परिमार्जन गर्नुपर्छ।

- भूमि प्रशासनलाई बलियो, विकेन्द्रित, पारदर्शी र न्यायमुखी बनाई कृषियोग्य जमिनको गैरकृषि प्रयोजन गर्ने प्रक्रिया अविलम्ब रोक्नुपर्छ। निर्णय प्रक्रियालाई अझ उदार बनाई भू-उपयोगसम्बन्धी स्थानीय समुदायको राय पनि लिइनुपर्छ।
- राष्ट्रिय भू-उपयोग नीतिअन्तर्गत सामुदायिक भूमि सुधारलाई प्रोत्साहन गर्नुपर्छ। यसले भूमिमै जीविका गुजार्ने किसानबाट खोसिइरहेको व्यक्तिगत वा संस्थागत भूमि अतिक्रमणलाई रोकथाम गर्न महत्वपूर्ण भूमिका खेल्छ।
- शैक्षिक तथा धार्मिक स्थापना, ट्रस्ट, स्मारक उद्योग व्यवसायहरूलाई उपलब्ध गराइएको जमिनको अनुगमन गरी उल्लिखित उद्देश्यबमोजिम उपयोग भए/नभएको र बाँझो छोडिएको/नछोडिएको अवस्था जाँच्नुपर्छ। यस्ता जमिन उल्लिखित उद्देश्यभन्दा फरक प्रयोजनका लागि प्रयोग गरिएको भए राज्यले ती जमिन आफ्नो अधिनमा लिनुपर्छ र गरिखाने किसानलाई वितरण गर्नुपर्छ। राज्यले सार्वजनिक जमिन, राजनीतिक सङ्घ/संस्थालाई कुनै प्रयोजनका लागि दिनुहुँदैन। यदि दिनैपर्ने अवस्था आएमा उब्जाउ नहुने, खेतीपाती गरिरहेका किसानलाई कुनै असर नपर्नेखालको जमिन दिनुपर्छ।
- गुठी संस्थानको सुदृढीकरण गरी जमिनको स्वामित्व जोताहा किसानलाई दिइनुपर्छ। त्यस्ता क्षेत्रको हेरचाह गर्ने जिम्मा पनि किसानलाई नै दिनुपर्छ। सरकार हरेक समय भूमि अतिक्रमणको चेपुवामा परेका समुदायलाई जमिनको क्षतिपूर्ति कसरी दिइएको छ भन्नेबारे सावधान हुनुपर्छ। र, किसानलाई उचित क्षतिपूर्ति दिलाउने ठाउँमा निर्णायक भूमिकामा हुनुपर्छ। यस्तो जमिनको क्षतिपूर्ति दिँदा, महिला–पुरुष दुवैका नाममा बराबरी हुनेगरी दिने व्यवस्था गरिनुपर्छ।

नागरिक समाज

- राज्य तथा निजी क्षेत्रद्वारा भइरहेका भूमि अतिक्रमण रोक्नका लागि सामूहिक प्रयासको सुरुवात् हुनुपर्छ। मुलुकमा भइरहेको व्याप्त अतिक्रमणविरुद्ध आवाज उठाउन ढिला भइसकेको छ। यी विषय वकालतीय दृष्टिकोण र जनचेतनाका लागि पनि उत्तिकै महत्वका विषय हुन्।
- भूमि अतिक्रमणविरुद्धको अभियान प्रभावकारी र नतिजामूलक बनाउन भइरहेका भूमि अतिक्रमणको अध्ययन गरी त्यसले समग्र भूमि सुधार, भूमि-व्यवस्था तथा किसानको सुरक्षामा पार्ने प्रभाव कम गर्न समाधानका रणनीति तयार गर्नुपर्छ।
- स्थानीय तहबाटै भूमि अतिक्रमणविरुद्धको आन्दोलन तथा अभियान उठ्नुपर्छ। नागरिक समाजले भूमि अतिक्रमणको प्रक्रिया र प्रकृतिको उचित अनुगमन गरी समयमै यसको रोकथाम, भविष्यमा यसले किसानलाई पर्ने प्रभाव कर्म गर्न जागरणको भूमिका खेल्नुपर्छ।

भूमि अधिकार आन्दोलन

- भूमि अधिकार अभियानले अभियानका सहयोगी तथा सदस्यलाई भूमि अतिक्रमणले खाद्य सुरक्षा, भूमि सुधार र किसानको अधिकार, महिलाको भूमि अधिकार तथा पहुँचलगायतमा पार्ने प्रभाव र प्रकृतिबारे समयमै जानकारी गराउनुपर्छ। भूमि अतिक्रमणविरुद्धको अभियानलाई मुख्य एजेन्डाका रूपमा स्थापित गर्नुपर्छ।
- अभियानको रणनीति तयार गरी स्थानीय तहदेखि नै भूमि अतिक्रमणविरुद्ध अभियान थालनी गर्नुपर्छ। यस प्रक्रियामा नागरिक समाज र मुलुक भित्र/बाहिरका अन्य सामाजिक आन्दोलनसँग जोड्नुपर्छ।

दातृ निकाय

- नेपालमा भइरहेको भूमि अतिक्रमण, यसले किसानलाई पारेको असरबारे विस्तृत अध्ययन तथा विश्लेषणमा सहयोग गर्नुपर्छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा अन्य दातृसंस्थाले नेपाली नागरिक समाज, अधिकारकर्मी र अध्ययनकर्ताहरूलाई अन्तर्राष्ट्रिय अनुभव आदान–प्रदान गर्न सहजीकरण गर्नुपर्छ। अतिरिक्त विज्ञहरू व्यवस्था गरी यी विषयमा सल्लाह सुझाव, पैरवी गर्नेहरूको क्षमता विकास गर्न सघाउनुपर्छ। सरकार, नागरिक समाज, निजी क्षेत्र तथा स्थानीय किसानलाई समान सहयोग उपलब्ध गराई अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तारका लागि सहजीकरण गर्न मद्दत गर्नुपर्छ।
- नीतिगत विश्लेषण पनि दातृ संस्थाहरूले गर्न सक्ने एउटा अर्को महत्वपूर्ण सहयोग हो। नीतिको अपर्याप्तता, लैङ्गिक विभेद जस्ता समस्या पहिचान गरी त्यसको समाधानका लागि राय दिने। उदाहरणका लागि यदि कुनै विभेदपूर्ण कानुन विद्यमान छ र जसले महिलालाई जमिनको स्वामित्वबाट टाढा राख्छ भने ती सीमान्तकृत जनता, जनजाति, दलित, महिलाविरुद्ध भएका नीतिहरू पहिचान गरी यसलाई सुधार गरेर सामाजिक न्याय र समानताका लागि आवश्यक नीति निर्माणमा सही सुझाव दिन सक्छन्। नेपालका विकासमूलक क्षेत्र, गरिबी निवारण, लैङ्गिक समानता, खाद्य सुरक्षा, मौसम परिवर्तन जस्ता क्षेत्रमा काम गर्दा भूमि अतिक्रमणको सवाललाई पनि एउटा मुख्य एजेन्डाका रूपमा स्थापित लिइनुपर्छ।

५.२ सम्बन्ध विस्तार र संयुक्त अभियान : आगामी अभ्यासका लागि रणनीति

भूमि अतिक्रमणको प्रभाव र प्रवृत्तिहरूलाई मध्यनजर गर्दै र प्रस्तुत गरिएका सुझावका साथै आगामी दिनमा चाल्नुपर्ने कदम तथा रणनीतिका लागि सिफारिस गर्न अवाश्यक देखियो। सुझावहरूमा भूमि अतिक्रमणका नकारात्मक प्रभावहरूविरुद्ध लड्नका लागि सम्पूर्ण साझेदारबीच बलियो र प्रयोगात्मक सञ्जाल र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार गर्नुपर्ने आवश्यकता औल्याइएको छ।

अध्ययनको ढाँचा, प्रक्रिया र विधि

रणनीतिक खाकाका अनुसार सम्बन्ध तथा सञ्जाल विस्तार ज्ञान अभिवृद्धिका साथै भूमि अतिक्रमणविरुद्ध अभियान र वकालत गर्न र यसको नकारात्मक प्रभावहरूको न्युनीकरणका लागि पनि आवश्यक छ।

चित्रानुसार क्षमता वृद्धि र अध्ययन कार्यका लागि विश्वविद्यालय, अन्तर्राष्ट्रिय सङ्घ/संस्था, सरोकारवालाको समूह र सरकारसँग सम्बन्ध तथा सञ्जाल विस्तार गर्न सकिन्छ। यसो गर्नुको मुख्य उद्देश्य भनेको अध्ययन गर्नु, अन्तर्राष्ट्रिय अनुभव आदान–प्रदान गर्नु, अध्ययन समूह बनाउनु र सहयोगीहरूको क्षमता विकास गर्नु हो। यस्ता गतिविधिले सबैको पहुँच हुने र सबैले हेर्न सक्ने खुला तथ्याङ्क लगतको निर्माणमा पनि सहयोग पुऱ्याउँछ। यसले सम्बन्धित मुलुकमा भूमि अतिक्रमणलाई प्रभावकारी ढङ्गबाट निरुत्साहित गर्न र यसका सामान्य जनता र विशेषगरी सीमान्तकृत किसानमा पर्ने नकारात्मक प्रभावविरुद्ध लड्नका लागि उपयुक्त नीति निर्माणमा मद्दत गर्छ।

यसैगरी सामुदायिक सङ्गठन, अधिकारमुखी सङ्गठन, किसान सङ्गठन, सञ्चार माध्यमलगायतसँग सम्बन्ध तथा सञ्जाल विस्तार, जनसमुदायलाई भूमि अतिक्रमण र यससम्बन्धी सवालहरूविरुद्ध अभियान र वकालत गर्नका लागि सङ्गठित गर्न पनि महत्वपूर्ण छ। यस्ता सञ्जाल र संयुक्त प्रयासले स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहमा हुने भूमि अतिक्रमणविरुद्धका आन्दोलनमा मद्दत गरी मोही अधिकार तथा खाद्य अधिकारको सुरक्षा पनि गर्छ। यसले जनचेतना फैलाउन र सम्बन्धित सरकारी निकायमा भूमि अतिक्रमणविरुद्ध नीति निर्माण र प्रभावकारी कार्यान्वयनका लागि दबाब दिन मद्दत गरी भूमि अतिक्रमणका नकारात्मक प्रभावबाट हुने क्षति न्युनीकरण गर्न पनि सहयोग गर्छ। यस्तो सम्बन्ध तथा सञ्जाल विस्तार गर्ने र यस्ता कार्यलाई निरुत्साहित गर्ने हो भने अहिले सही समय छ।